# मनसुन पूर्वतयारी र प्रतिकार्य

## राष्ट्रिय कार्ययोजना-२०७८



## खण्ड १

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

## कार्यकारी सारांश

मनसुनजन्य प्रकोपहरुबाट सिर्जित विपद्का घटनाका कारण नेपालमा वर्षेनि ठूलो जनधनको क्षति हुने गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले समग्र व्यवस्थापनलाई समेटेको छ । मनसुन जस्ता विशिष्ट प्रकृतिका प्रकोपका घटनाहरुसँग जुध्न छुट्टै कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लैजाने गरिएको छ।

जिल्ला जिल्लामा हुने मनसुनी क्षतिलाई रोकथाम गर्ने, न्यूनीकरण गर्ने तथा योजनावद्ध ढंगले प्रतिकार्यको प्रयास गर्न थालिएको १८ बर्ष भएको छ । २०६० सालमा गृह मन्त्रालयबाट जारी मनसुनी बाढी पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण निर्देशन (२६ बुँदे) बाट शुरु भएको योजना सहित कार्य गर्ने पद्दतिलाई विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ ले व्यवस्थित बनाउन दिशा निर्देश गरेको थियो । जस अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य मार्गदर्शन २०६७ जारी भई कार्यान्वयनमा रहेको छ। पछिल्लो शासकीय पद्दति तथा प्रतिबद्धता अनुरुप उक्त मार्गदर्शन २०७५ सालमा संशोधन गरी अध्यावधिक गरिएको छ। यो मार्गदर्शनले मनसुनी पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणमा विशेषगरी प्रदेश, जिल्ला तथा स्थानीय स्तरलाई सहयोग गर्दछ ।

मनसुनी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा राष्ट्रिय स्तरदेखि स्थानीय स्तरसम्म काम गर्ने सबै मन्त्रालयहरु, सुरक्षा निकायहरु, विषयगत क्षेत्रहरु, विकास साझेदार निकायहरु तथा मानवीय सहायताका क्षेत्रमा कार्यरत संस्थाहरुलाई मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न आवश्यक समन्वय गरी ती निकायहरुबाट तयार गरिएका कार्ययोजनाहरुलाई समेटेर यो मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरिएको हो। यस कार्ययोजना तयारीका क्रममा प्रदेश तथा जिल्ला स्तरमा विपद् व्यवस्थापन गर्ने अधिकारीहरुसँग अन्तरक्रिया गरिएको छ । स्थानीय तहबाट प्रतिनिधिमूलक सहभागिता गराइएको छ।

यस कार्ययोजनामा तीन खण्ड छन् । पहिलो खण्डमा जोखिम अवस्था विश्लेषण तथा प्रभाव आँकलन, दोश्रो खण्डमा पूर्वतयारीको बिवरण र तेश्रो खण्डमा प्रतिकार्य कार्ययोजना समेटिएको छ। यही मनसुनको अवधिभित्रै कोभिड-१९ को दोश्रो लहरको प्रभाव उच्च रहने अनुमान गरिएको सन्दर्भलाई पनि कार्ययोजनामा आँकलन गरिएको छ। त्यसैगरी समावेशी विपद् जोखिम व्यवस्थापनका आयामहरुलाई आवश्यकतानुसार सम्बोधन गरिएको छ।

जोखिमको अवस्था विश्लेषण अन्तर्गत बाढी, भारी बर्षा, पहिरो, महामारी लगायत पानीजन्य अन्य जोखिमहरु र कोभिड जोखिमलाई देखाउने प्रयास गरिएको छ। यसमा मनसुन पूर्वानुमान तथा बाढी र पहिरोको संभावित प्रभावित जनसंख्या समेत अनुमान गरिएको छ । यस वर्ष औषतभन्दा बढी पानी पर्ने पूर्वानुमान छ । यस वर्षको हिउँदमा लागेको व्यापक वनडढेलोको कारण पनि बाढी र पहिरोको संख्या बढ्न सक्ने अनुमान छ । भारन योग विधिबाट निकालिएको बाढी र पहिरोको अनुमानित केसलोड निम्नानुसार छः

| प्रकोपका प्रकार | प्रभावित हुनसक्ने जनसंख्या | प्रभावित क्षेत्र |
|---|---|---|
| बाढी तथा डुबान | १,६८७,४९६ | २३ जिल्ला तराई र भित्री मधेस |
| पहिरो | १,१७,२१७ | ५१ जिल्ला पहाड, हिमाल र भित्री मधेस |
| जम्मा | १८,०४,७१३ | देशको अधिकांश भाग |

कार्ययोजनाको दोश्रो खण्डमा श्रोत साधनहरुको उपलब्धता उल्लेख गरिएको छ। संघ, प्रदेश र जिल्ला विपद् व्यवस्थापन कोषमा देहाय बमोजिमको रकम मौज्दात छ।

यस खण्डमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा शुरु भएका केही नयाँ कार्यहरुलाई पनि समावेश गरिएको छ। २०७७ सालको मनसुनी बाढी पहिरो पीडित घरवासविहीनहरुको निजी आवास निर्माण थालनी, देशका ३४६ खुला क्षेत्र तथा आश्रय स्थलहरुको पहिचान तथा विपद् पोर्टलमा अभिलेखिकरण, ९ जिल्लाका ३६ पालिकामा पहिरो प्रभावमा आधारित पूर्वानुमान प्रणालीको नमूना अभ्यास शुरु गरिएको लगायतका विषय उल्लेख छन्।

तेश्रो खण्डमा ११ वटै विषयगत क्षेत्र (Clusters), जिम्मेवार मन्त्रालय तथा विभागहरु, सुरक्षा निकायहरु र नेपाल रेडक्रस सोसाइटीको कार्ययोजनाहरुको मुख्य मुख्य बुँदा उल्लेख गरिएको छ। यस खण्डमा विषयगत क्षेत्रका सहयोगी निकायहरु (Cluster Co-Leads) का कार्ययोजनाहरुलाई पनि एकीकृत रुपमा समावेश गरेर देखाइएको छ। त्यसैगरी प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा सीमावर्ती जिल्लाको जिल्ला प्रशासन कार्यालयहरुले खेल्नुपर्ने भूमिका संक्षेपमा उल्लेख गरिएको छ।

निकायगत विस्तृत कार्ययोजनाहरुलाई भने छुट्टै अनुसूची खण्डमा राखिएको छ। अनुसूचीमा सबै प्रदेशहरुका विपद् तथ्याङ्क र सम्भाव्य जोखिमको बिवरण राखिएको छ ।

## प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष

४ अर्व १ करोड ४७ लाख

## राष्ट्रिय विपद  व्यवस्थापन कोष

१ अर्व ३० करोड ९ लाख

## प्रदेश विपद  व्यवस्थापन कोष (७ वटै)

२५ करोड ७ लाख

| | | | |
|---|---|---|---|
| **प्रदेश नं १**<br>२ करोड ५० लाख | **प्रदेश नं २**<br>३ करोड | **कर्णाली प्रदेश**<br>४ लाख | **सुदुरपश्चिम प्रदेश**<br>१ करोड ५७ लाख |
| **बाग्मती प्रदेश**<br>६ करोड | **गण्डकी प्रदेश**<br>४ करोड ३० लाख | **लुम्बिनी प्रदेश**<br>७ करोड ३० लाख | |

## जिल्ला विपद  व्यवस्थापन कोष (७७ जिल्ला)

९९ करोड ९१ लाख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इलाम<br>९८,४८,४४३ | उदयपुर<br>१६,०१,५७२ | ओखलढुंगा<br>७८,५४,६८५ | खोटाँग<br>५,८१,५०० | झापा<br>१,७५,७१,७०० | ताप्लेजुंग<br>३६,५९,००० | तेह्रथुम<br>९,७४,४८८ |
| धनकुटा<br>१२,४१,९३० | पांचथर<br>३,९२,३७७ | भोजपुर<br>५,०७,७४७ | मोरंग<br>१,७१,८५,९८० | संखुवासभा<br>२३,११,३०० | सुनसरी<br>१,००,२५,००० | सोलुखुम्बू<br>१६,८७,१९० |
| धनुसा<br>४७,९२,१३२ | पार्सा<br>१,६७,८५,०३५ | बारा<br>१,०६,६१,२३१ | महोत्तरी<br>३,०५,९८,७२९ | रौतहट<br>१७,६५,४५,०३२ | सप्तरी<br>१६,६१,३६,७९० | सरलाही<br>४,२३,४६,७५८ |
| सिराहा<br>९०,४३,७७२ | काठमाडौं<br>१,९०,४८,७९४ | काभ्रेपालानचोक<br>२,१७,०१,७५१ | चितवन<br>२९,२६,००० | दोलखा<br>७,०५,००० | धादिंग<br>१५,१५,२६,५२३ | नुवाकोट<br>१,१२,३२० |
| भक्तपुर<br>१८,००,००० | मकवानपुर<br>१४,१८,८९० | रसुवा<br>११,७२,६२२ | रामेछाप<br>५,३७,६१० | ललितपुर<br>५,३६,२५,२४६ | सिन्धुली<br>८,०४,००० | सिन्धुपाल्चोक<br>६६,०२,६०३ |
| कास्की<br>१५,२०,२४९ | गोरखा<br>४४,७६,००० | तनहु<br>२६,४४,०९९ | नवलपरासी पूर्व<br>४,०२,०१० | पर्बत<br>११,७४,३०३ | बाग्लुङ<br>१२,४१,१३१ | मनाङ<br>१८,६३,१३० |
| मुस्ताङ<br>२६,२५,१५६ | म्याग्दी<br>२५,२२,६८५ | लमजुङ<br>१,८२,३६,२२७ | स्याङ्जा<br>२०,२१,१७४ | अर्घाखाँची<br>३०,००,००० | कपिलबस्तु<br>३३,१४,६२३ | गुल्मी<br>११,४६,००० |
| दाङ<br>२,६०,१०,५२१ | नवलपरासी पश्चिम<br>४०,२५,०८० | पाल्पा<br>७८,४५,१५२ | प्युठान<br>१३,८६,१९० | बर्दिया<br>३,८५,०६,२९१ | बाँके<br>२,१७,८२,८२२ | रुकुम पूर्व<br>१०,५४,३७० |
| रुपन्देही<br>२१,२४,९७६ | रोल्पा<br>८,७३,३२३ | कालिकोट<br>९,०३,५६४ | जाजरकोट<br>१३,१०,२५७ | जुम्ला<br>२,००,००० | डोल्पा<br>८,६०,००० | दैलेख<br>११,८१,६०० |
| मुगु<br>७,५०,००० | रुकुम पश्चिम<br>१७,३९,५५२ | सल्यान<br>३६,८५,८३३ | सुर्खेत<br>१,४९,५१,४८८ | हुम्ला<br>४६,३३,०२९ | अछाम<br>५०,९६,६७१ | कञ्चनपुर<br>५६,५७,२४५ |
| कैलाली<br>४,५६,११,५८९ | डडेल्धुरा<br>१४,१५,१०९ | डोटी<br>१८,३९,०७१ | दार्चुला<br>१४,०८,४५४ | बझाङ<br>२,७९,५६६ | बाजुरा<br>९,५४,७५४ | बैतडी<br>९,११,५५३ |

# विषयसूची


पृष्ठभूमि ........ १

कार्ययोजनाको उद्देश्य ........ २

कार्ययोजना निर्माण प्रक्रिया ........ २

कार्ययोजनाका सीमाहरु ........ २

मनसुनः विपद् जोखिमको अवस्था ........ ३

डढेलो र बाढी पहिरोको अन्तर सम्बन्ध ........ ५

मनसुनको विपद् पूर्वानुमान ........ ६

सम्भावित जोखिम विश्लेषण ........ ८

बाढी ........ ८

भारी वर्षा ........ १२

पहिरो ........ १५

पानीजन्य अन्य जोखिम ........ २०

कोभिड-१९ ........ २२

पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलाप ........ २३

पहिरोको पूर्वसूचना प्रणाली (Impact Based Forecasting for Landslides) ........ २४

खुला स्थान पहिचान, विकास र उपयोग ........ २४

आवास पुनर्निर्माण तथा पुनःस्थापना अभियान ........ २५

आपत्कालीन सामाग्रीहरुको निकायगत क्षेत्रहरुमा उपलब्ध श्रोत साधनहरुको आँकलन ........ २६

विषयगत मन्त्रालयहरुका पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी ........ २७

मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा अन्य निकायको जिम्मेवारी ........ ४३

प्रदेशमा मनसुनजन्य विपद्को अवस्था र त्यसको पूर्वतयारी ........ ४४

प्रदेश नं १ ........ ४४

प्रदेश नं २ ........ ४५

बाग्मती प्रदेश ........ ४५

गण्डकी प्रदेश ........ ४६

लुम्बिनी प्रदेश ........ ४७

कर्णाली प्रदेश ........ ४७

सुदुरपश्चिम प्रदेश ........ ४८

अनुसूचीहरु (विस्तृत कार्ययोजना)-खण्ड २ ........ ४९

# पृष्ठभूमि

मनसुनी वर्षा, भिरालो र कमजोर भौगोलिक बनावट लगायत कारणले नेपालमा मनसुनको समयमा बाढी, पहिरो, डुबान, कटान जस्ता पानीजन्य विपद्बाट ठूलो जनधनको क्षति हुने गरेको छ ।पहाडका फेदी र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको वालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र खेती योग्य जमिन नष्ट भइरहेको छ ।पहाडका बेसी, भित्री मधेश तथा तराई क्षेत्रमा नदी किनारा कटान तथा डुवानको समस्या दिन प्रतिदिन बढ्दैछ ।नदीका जल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेको छ ।बाढी, पहिरोले कयौं परिवार विस्थापित हुन पुगेका छन् ।

यस्ता समस्याबाट प्रभावित भूमिको उर्वरा शक्ति क्षय हुनुका साथै आर्थिक उपयोगिता घट्न गएको छ ।सामान्यतया नेपालमा असारदेखि असोजसम्मको झण्डैं सय दिन मनसुन सक्रिय हुन्छ ।वर्षातको समयमा पहिरो, बाढी, कटान, डुवान, चट्याङ्ग, सर्पदंश, झाडापखाला जस्ता पानीजन्य प्रकोपहरुको कारण मानवीय क्षतिका साथै भौतिक क्षति हुने गरेको छ ।खोला, खहरे, नदीनाला बहाव क्षेत्रको अतिक्रमण, अव्यवस्थित ढल निकास, शहरी क्षेत्रमा बिना योजनाका सडक निर्माण, उत्खनन र प्लटिङका कारण पनि बाढीको जोखिम बढेको छ ।

मनसुनजन्य विपदबाट हुने क्षतिको न्यूनीकरण र रोकथामका प्रयास नेपाल सरकारले विभिन्न निकायहरू मार्फत गरिरहेकै छ ।मूलतः यसै कामका लागि तीनै तहका सरकार, राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, विकास साझेदार एवं निजी क्षेत्र र समुदायले एकजुट भएर काम गर्न जरुरी छ ।बाढी, कटान, सडक अवरोध तथा दुर्घटना, झाडापखाला वर्षायाममा हुनसक्ने प्रमुख प्रकोप हुन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले "मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७८" जारी गरिसकेको छ ।विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत भइ लागू गरिएको यो कार्ययोजनामा प्रकोपपूर्व अपनाउनुपर्ने सावधानी, खोज तथा उद्धार, प्रभावितका लागि राहत र विपद्पश्चात गर्न सकिने मानवीय सहयोग र पुनर्निर्माण एवम् पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषय समेटिएका छन् । बाढी, पहिरो रोकथाम एवम् बाढी प्रभावित क्षेत्र व्यवस्थापन सम्बन्धी काममा केवल सरकारी प्रयास मात्र यथेष्ट हुँदैन ।

देश नै कोभिड-१९ महामारी नियन्त्रण गर्न लागिरहेको सन्दर्भमा हामी मनसुनजन्य विपद्को मुखैमा आईपुगिसकेका छौं ।यसको सामना गर्दै धनजनको क्षति कम गर्न संघीय सरकारका मन्त्रालय, विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूले यो कार्ययोजना मुताबिक कार्यसम्पादन गर्नुपर्नेछ ।

यस कार्ययोजना तयार पार्नु पूर्व विपद् व्यवस्थापनसँग सम्बन्धित राष्ट्रसंघीय निकायहरू (UN Agencies), विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय कार्यमञ्च (NPDRR) तथा प्रदेश सरकारका अधिकारीहरुसँग Cluster Leads र Co-Leads हरुसँग छलफल गरिएको छ ।यी सबैक्षेत्रबाट प्राप्त सुझाव समावेश गरी कार्ययोजनालाई यथाशक्य कार्यान्वयन योग्य एवम् नतिजामुखी बनाउन प्रयास गरिएको छ ।कार्ययोजना तर्जुमा गर्दा सबै सुरक्षा निकायका विपद् सम्पर्क व्यक्ति (Disaster Focal Person) सँग छलफल गरी प्राप्त सुझाव लाई ग्रहण गरिएको छ ।

विभिन्न छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा सम्भावित जोखिमको आँकलन गरेर त्यसको पूर्वतयारी तथा प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोजनामा समेटिएको छ ।वर्षायामलाई लक्षित गरी विषयगत मन्त्रालयहरु तथा आम सरोकारवाला निकायलेले बनाएको योजना समेतलाई आधार मानि यो कार्य योजना तयार गरिएको हो ।

## कार्ययोजनाको उद्देश्य

यस कार्ययोजनाका मुख्य उद्देश्य निम्नानुसार छन्:

- विपद् जोखिमको तथ्यांकका आधारमा यस वर्षको सम्भावित जोखिम आँकलन,
- विपद् जोखिम आँकलनको आधारमा विपदबाट प्रभावित हुनसक्ने जनसंख्याको पूर्वानुमान,
- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्र तथा सरोकारवाला निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकरण,
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा समन्वयात्मक र एकीकृत क्रियाकलाप तय गरी कार्यान्वयन,
- प्रदेश र स्थानीय तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाउन आधार प्रदान।

## कार्ययोजना निर्माण प्रक्रिया

यस कार्ययोजना तयार गर्दा अपनाइएका प्रकृयाहरुमध्ये मुख्य मुख्य प्रकृया देहाय बमोजिम रहेका छन्:

- आ.व. ०७७।७८ को मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजनाको समीक्षा,
- आ.व. ०७७।७८ को राष्ट्रिय मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना कार्यान्वयनको समीक्षा,
- उक्त कार्ययोजनामा देखिएका कमी-कमजोरी र सुधार गर्नुपर्ने विषय पहिचान,
- नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (२०७४), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा (प्रथम संमशोधन २०७५) लगायत  विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित कानुनी र नीतिको अध्ययन विश्लेषण,
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आन्तरिक छलफल र अन्तरक्रिया,
- नेपाल सरकारका  विषयगत मन्त्रालयहरु, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा बमोजिम तोकिएका विषयगत क्षेत्र (Cluster Mechanism) का नेतृत्वदायी सरकारी निकाय (LEADS), सहयोगी विकास साझेदार निकाय, सुरक्षा निकाय र मानवीय सहायताका क्षेत्रमा कार्यरत संस्थासँग छलफल र अन्तरक्रिया गरी प्राप्त लिखित कार्ययोजना,
- प्रदेश सरकारका सम्बद्ध अधिकारी र निकायहरूसँग छलफल/अन्तरक्रिया आदि।

## कार्ययोजनाका सीमाहरु

मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माण गर्ने सन्दर्भमा केही सिमितता तथा सीमाहरु रहेका छन् । ती सीमाहरुलाई यहाँ उल्लेख गर्दा आगामी दिनमा सुधारका लागि सहयोग हुने अपेक्षा गर्न सकिन्छ ।


- प्राधिकरणमा न्यून श्रोत साधन र क्षमता हुँदा तथ्याङ्क प्राप्ति र विश्लेषणमा कमी रह्यो,
- प्रमाणमा आधारित (Data Driven) योजना निर्माण गर्ने प्रयास भएतापनि तथ्याङ्कको अनुपलब्धता र अशुद्धताले गर्दा आंकडाहरु फरक पर्न सक्नेछन्,
- पुर्वानुमान तथा विश्लेषणमा वाह्य श्रोतहरुको भर पर्नुपर्दा वास्तविक तथ्यसँग मेल नखान सक्छ,
- पूर्वतयारीको लागि वित्तीय तथा भौतिक श्रोत साधनहरु विवरण जुटाउने तथा छुट्याएर देखाउने प्रयास गरेता पनि पुरा हुन सकेन।

- प्रदेश तथा स्थानीय स्तरको तथ्याङ्क र योजनाहरुलाई समावेश गरिएको छैन । त्यहाँको साधन श्रोतलाई देखाउन पनि सकिएन,
- कोभिड-१९ को कुप्रभावले कार्ययोजना लेखनलाई व्यापक र घनीभूत बनाउन समस्या पैदा भयो। भर्चुअल छलफल तथा अन्तरक्रियाबाट सीमित पृष्ठपोषण मात्र प्राप्त भयो,
- वहुप्रकोप प्रभावमा आधारित कार्ययोजना निर्माणको लागि क्षमता, पद्दति र सहकार्यको न्यूनता रह्यो,
- सबै विवरणहरुलाई डिजिटाइज्ड (Digitization) गर्ने र तत्काल परिचालन गर्ने प्रणालीको अभावले गर्दा हाम्रा साधन र श्रोतहरुको रणनीति र महत्तम परिचालनको संभावना सांकेतिक स्वारुपमा सिमित रह्यो।

## मनसुनः विपद् जोखिमको अवस्था

यस वर्ष साउनको दोस्रो र तेस्रो साता बाढी, पहिरो लगायत पानीजन्य अन्य विपद् एकै पटक खप्टिने सम्भावना देखिएको छ।कोभिड-१९ को दोस्रो लहर पनि यति बेला नै उत्कर्ष (Peaking) मा पुग्ने आँकलन गरिएको छ। जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार यो मनसुनमा औसतभन्दा बढी पानी पर्ने सम्भावना छ।

SASCOF र नेपाल मनसुन फोरमले यस वर्ष मध्य र उच्च हिमाली भागमा मनसुन औसतभन्दा धैरै हुन सक्ने, मध्य दक्षिणी र पूर्वी नेपालमा मनसुन सामान्य हुनसक्ने र दक्षिणी पूर्वी भागहरुमा सरदर भन्दा कम वर्षा हुनसक्ने पूर्वानुमान गरेको छ।यस विश्लेषणका आधारमा बढी पानी पर्ने क्षेत्र तथा वहाव क्षेत्रमा यस वर्षको मनसुनमा विपद्का घटना उल्लेख्य वृद्धि हुने आँकलन गर्न सकिन्छ।




*चित्र १: सन् २०२१ को मनसुनी पूर्वानुमान /श्रोत: SASCOF र नेपाल मनसुन फोरम*

यस वर्षको मनसुनमा सरदार भन्दा बढी वर्षाको साथसाथै केन्द्रीकृत (Concentrated) पानी पर्ने सम्भावना पनि देखिन्छ।छोटो समयमै अत्याधिक भारी वर्षा (Cloud Burst) भएको खण्डमा स्वाभाविक रूपमा पानीजन्य विपद्का घटना बढ्छ।यस पटकको Pre-Monsoon मा अरब सागरमा उत्पन्न भएको 'ताउ-ते' आँधी र मध्यपूर्वी बंगालको खाडीमा रहेको न्यून-चापीय प्रणालीले उत्पन्न गरेको चक्रवात (Cyclonic Storm) का कारण परेको पानीले पनि केही जमिन गलेको हुँदा मनसुनी विपद्का घटना बढ्ने देखिन्छ।


चित्र २ मा विगत १० वर्षको नेपालमा मनसुनको (अगमन, उत्कर्श र अन्त्य) स्थिति र तालिका १ मा विगत १० वर्षको मनसुनको प्रवृत्ति प्रस्तुत गरिएको छ।

**तालिका १: विगत १० वर्षको मनसुनको प्रवृत्ति**

| वर्ष | पूर्वानुमान | वास्तविक | प्रभावित घरपरिवार | |
|---|---|---|---|---|
| | | | बाढी | पहिरो |
| २०१० | सामान्य | सामान्य | १३४६८६ | २१८१८ |
| २०११ | सामान्य | सामान्य | २८५५३७ | १६८६२ |
| २०१२ | सामान्य भन्दा माथि (सुदुर पश्चिम र दक्षिण पश्चिममा सामान्य भन्दा तल) | सामान्य (पश्चिममा सामान्य भन्दा तल) | ४५२५६७ | १३८७७ |
| २०१३ | सामान्य भन्दा माथि | सामान्य | ४८९८४ | २५६ |
| २०१४ | सामान्य | सामान्य | ३६ ५१४ | ४९१ |
| २०१५ | सामान्य भन्दा तल (उत्तरपश्चिममा सामान्य) | सामान्य भन्दा तल | ४३ | ४०० |
| २०१६ | सामान्य | सामान्य | ७६०८ | १४४७ |
| २०१७ | सामान्य (मध्य र सुदुर पश्चिममा सामान्य भन्दा तल) | सामान्य (मध्य र सुदुर पश्चिममा सामान्य भन्दा तल) | १५२०८ | २९८ |
| २०१८ | सामान्य | सामान्य | १४०९ | ६९६ |
| २०१९ | पश्चिमा सामान्य (पूर्वी आधा भागमा सामान्य भन्दा आधा तल) | पश्चिमा सामान्य (पूर्वी आधा भागमा सामान्य भन्दा आधा तल) | ३११७ | २९५२ |
| २०२० | सामान्य | सामान्य | १३१२ | ७५५ |

*श्रोतः जल तथा मौसम विज्ञान विभाग*

## नेपालमा मनसुनको स्थिति:
## मनसुनको सुरुवात, उच्च र अन्त्य भएको मिति




*चित्र २: विगत १० वर्षको नेपालमा मनसुनको स्थिति (अगमन, उत्कर्ष र अन्त्य)/ श्रोतः जल तथा मौसम विज्ञान विभाग*


## डढेलो र बाढी पहिरोको अन्तर सम्बन्ध

हिउँद या सुख्खायाममा हुने विपद्ले पनि मनसुनजन्य विपद्को जोखिमलाई बढाईरहेको हुन्छ। डढेलो त्यस्तै एउटा विपद् हो।सामान्यतया मंसिर देखि मध्य जेठ सम्मलाई डढेलो लाग्ने मौसम मानिन्छ। हिउँद (मंसिर देखि मध्य फागुन) र गर्मीयाम (मध्य फागुन देखि जेठसम्म)मा धेरै डढेलो लाग्छ।प्राय वैशाखको दोस्रो साता अत्यधिक डढेलो लाग्ने गरेको छ।नेपालका सबै जिल्लाहरु डढेलो प्रभावित छन्। डढेलोले प्रत्येक वर्ष कयौं हेक्टर हरियो वन सखाप हुन्छ।

वन तथा भूसंरक्षण विभाग र ICIMOD ले २०१९ गरेको एक अध्ययन अनुसार डढेलोका हिसाबले नेपालका १३ जिल्ला अति संवेदनशील र ११ जिल्ला संवेदनशील देखिएका छन्।अति संवेदनशील जिल्लामा कन्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत,अर्घाखाँची, पाल्पा, चितवन, तनहुँ, मकवानपुर, पर्सा, सिन्धुली, र उदयपुर छन्। संवेदनशील जिल्लामा डोटी, डडेलधुरा, अछाम, सल्यान, दाङ, प्यूठान, स्याङ्जा, परासी, नवलपुर, बारा, इलाम रहेका छन्।

यो वर्ष (आ.व. २०७७/७८) डढेलोका ६७९९ घटना भए।हामीलाई उपलब्ध ९ वर्षको डढेलोको तथ्याङ्क हेर्दा यो वर्ष अत्याधिक डढेलो लागको देखिन्छ।पोहोरको तुलनामा यस वर्ष डढेलोका घटना झण्डै ११ गुणाले बढ्यो।

डढेलो घटना संख्याको तुलनात्मक तस्बीर; *तल चित्र ३* मा हेर्न सकिन्छ।




*चित्र ३: २०७० देखि २०७८ सम्म घटेका डढेलोका घटनाहरु र श्रोतः NASA/MODIS*

उपल्लो जलाधार क्षेत्रमा यो वर्ष पुर्याएको क्षतिबारे माथि चर्चा भैहाल्यो।डढेलोका कारण नाङ्गो भएको जमिनमा वर्षायाममा भूक्षयको सम्भावना बढ्छ।भूक्षयले पहिरोका घटना बढाउने सम्भावना रहन्छ।

## मनसुनको विपद् पूर्वानुमान

बाढी, पहिरो तथा पानीजन्य रोगहरुको सम्भावना आँकलन गरी यस वर्ष वर्षायाममा लगभग १८ लाख भन्दा बढी जनसंख्या प्रभावित हुने अनुमान गरिएको छ ।विभिन्न तथ्याङ्काका आधारमा वैज्ञानिक विश्लेषण गरी विपदबाट प्रभावित हुनेसक्ने जनसंख्याको पूर्पवानुमान गरिन्छ ।यसरी निकालिएको संख्यालाई नैं केसलोड भनिन्छ ।

*सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको DRR पोर्टल, विपद् पोर्टल र DOI/DWIDM र WFP तथ्याङ्कको आधारमा गरिएको विभिन्न वैज्ञानिक विश्लेषण अनुसार स्थायी र नदी अस्थायी नदीको बाढीबाट २०२१मा प्रभावित हुनसक्ने जनसंख्या र पछिल्ला १० बर्षको प्रभावित औसत जनसंख्या जिल्ला अनुसार तालिका २ मा प्रस्तुत गरिएको छ ।*

**तालिका २: मनसुन २०२१ को लागि बाढी केस लोड अनुमान**


| जिल्ला | स्थायी नदीको लागि भौगोलिक प्रणालीमा आधारित बाढी विश्लेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसंख्या | अस्थायी नदीको लागि भौगोलिक प्रणालीमा आधारित बाढी विश्लेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसंख्या | पछिल्ला १० बर्षको प्रभावित औसत जनसंख्या (२०१०–२०२०) | कुल केस लोड (जनसंख्या) |
|---|---|---|---|---|
| बाँके | ७३,३६५ | उपलब्ध नभएको | ८,२६४ | ५०,५८० |
| बारा | उपलब्ध नभएको | १,४३४ | ५६४ | १,१३० |
| बर्दिया | ९५,०५८ | २३,९२९ | १३,७७९ | ८२,१६४ |
| चितवन | ६१,९६३ | ५३,८०५ | २,३९५ | ७६,०८८ |
| दाङ | ८६,१७६ | उपलब्ध नभएको | १०,३२७ | ५९,६२९ |
| धनुषा | ३३,१०१ | १,४९६ | १९८ | २२,५५८ |
| झापा | २५,०२० | ५०,१४७ | १६,०८१ | ५४,४८७ |
| कैलाली | १०१,९३९ | ३४,०३४ | ९,३९७ | ९१,६७१ |
| कंचनपुर | १३४,०२९ | २८,२८७ | ६,११३ | १,०७,६४५ |
| कपिलबस्तु | ६०,३२० | उपलब्ध नभएको | ४,१५२ | ४०,६६२ |
| महोत्तरी | ५,४७८ | ५,७८८ | १,०१,३०७ | ४२,७८१ |
| मोरंग | ४७९ | २४,६८३ | ३४,८७७ | २८,५६३ |
| नवलपरासी (पुर्व) | ६६,२३१ | ४६,१३१ | १३,९२६ | ७७,११० |
| नवलपरासी (पश्चिम) | ५७,३४७ | उपलब्ध नभएको | १४,२६७ | ४२,२६९ |
| पर्सा | १२,६५१ | उपलब्ध नभएको | ५९४ | ८,४३१ |
| रौतहट | १,५८,३५५ | १,००,७९२ | १,११६ | १,६८,८37 |
| रुपन्देही | ८२,०२९ | उपलब्ध नभएको | १,६९५ | ५३,९१२ |
| सप्तरी | ६,४५१ | १३,१७४ | १६,८६३ | १८,६५८ |
| सर्लाही | १,१२,७१५ | ४८,११३ | ३३७ | १,०४,६५६ |
| सिराहा | १,२९,७२३ | उपलब्ध नभएको | ६९४ | १,०२,१२८ |
| सुनसरी | ६,१७,६१८ | उपलब्ध नभएको | ११,५९४ | ४,०५,510 |
| सुर्खेत | ३६,५६४ | उपलब्ध नभएको | २,०५७ | २४,४८७ |
| उदयपुर | **३३,२५५** | **उपलब्ध नभएको** | **३,१८०** | **२२,७२९** |
| **कूल जम्मा** | **१९,८९,८७६** | **४,५८,८४३** | **२७३, ७८६** | **१,६८७,४९६** |

विपद् पोर्टलमा उपलब्ध सन् २०१० देखि २०२० सम्मको तथ्याङ्क र डरहम विश्वविद्यालयको तथ्याङ्कको आधारमा विश्लेषण गरी यो मनसुनमा १८ लाख जनसंख्या प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ जिल्ला अनुसार पहिरोको केस लोड अनुमान तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: सन् २०२१ को लागि पहिरो केसलोड अनुमान

| विभिन्न जिल्लामा भारन योग विधि प्रयोग गरेर प्रति जिल्ला केसलोडको अनुमान(जनसंख्या) | | विभिन्न जिल्लामा भारन योग विधि प्रयोग गरेर प्रति जिल्ला केसलोडको अनुमान(जनसंख्या) | |
|---|---|---|---|
| अछाम | २,३४९ | मकवानपुर | १,४९७ |
| अर्घाखाँची | ६४८ | मनाङ | ७१ |
| बागलुङ | १,५६२ | मुगु | ३३३ |
| बैतडी | ३,२२३ | मुस्ताङ | ८० |
| बझाङ | २,६४७ | म्याग्दी | १,९५३ |
| बाजुरा | ६,१४१ | नुवाकोट | २,९१७ |
| भोजपुर | २,७६० | ओखलढुङ्गा | १,९६८ |
| डडेल्धुरा | २,९७२ | पाल्पा | ३,५३५ |
| दैलेख | २,०५४ | पाँचथर | ३३३ |
| दार्चुला | २,२०२ | पर्वत | ५४३ |
| धादिङ | ६,०३८ | प्यूठान | ४,४५८ |
| धनकुटा | १,४७३ | रामेछाप | ४,३३१ |
| दोलखा | ८,२९५ | रसुवा | ९४४ |
| डोल्पा | ४४३ | रोल्पा | १,४६४ |
| डोटी | ४,५९५ | रुकुम पश्चिम | ४३६ |
| गोर्खा | २,६५१ | रुकुम पूर्व | २,१४९ |
| गुल्मी | २,४४३ | सल्यान | २,५२३ |
| हुम्ला | ११८ | संखुवासभा | ४,०१७ |
| इलाम | २०४ | सिन्धुली | १,९७९ |
| जाजरकोट | १,५९१ | सिन्धुपाल्चोक | ६,६१३ |
| जुम्ला | १,३१२ | सोलुखुम्बु | १,३६५ |
| काभ्रेपलान्चोक | २,१४२ | स्याङ्जा | २,४४८ |
| कालिकोट | ५५० | तनहुँ | ३,५७४ |
| कास्की | २,७६९ | ताप्लेजुङ | ६२८ |
| खोटाङ | १,९८७ | उदयपुर | २,४०४ |
| लमजुङ | १,४०५ | | |

सीमावर्ती क्षेत्रमा भारत सरकारले बनाएको तटबन्ध, बाँध, अग्ला सडक, रेलमार्ग, ब्यारेज र नहर प्रणाली लगायत संरचनाले पनि तराईका बस्ती र खेतबारी धेरै जोखिममा छन् ।यस्ता संरचनाले सीमावर्ती गाउँबस्तीमा बाढी (Floods), डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) को जोखिम उच्च बनाइदिएको छ। प्रदेश नम्बर २ र लुम्बिनी प्रदेशमा बाढीजन्य जोखिम अत्याधिक हुने आकलन गरिएको छ ।मध्य पहाडी क्षेत्रमा पनि अचानक बाढी आउने र जनधनको ठूलो नोक्सानी हुने गरेको अनुभव हामी सामु छ। चित्र ४ मा जिल्ला अनुसार बारम्बार घट्ने मनसुनी प्रकोपको विवरण प्रस्तुत गरिएको छ ।यिनै तथ्याङ्करुको विश्लेषण र सरोकारवाला निकायहरुको विषयगत विश्लेषण, ज्ञान, सीप र अनुभवका आधारमा यस वर्षको मनसुनमा विपद्का घटनाहरुमा उल्लेख्य वृद्धि हुने आकलन गरिएको छ।




*चित्र ४: जिल्ला स्तरमा बारम्बार (Frequently) भइरहेका मनसुन सम्बन्धी प्रकोपहरु (१९७१-२०२०) /श्रोत: विपद् पोर्टल (bipadportal.gov.np)/ (DesInventar/DRR portal)*


## सम्भावित जोखिमको विश्लेषण

### बाढी

नेपालको दक्षिणी समथर भू-भाग, भित्री मधेसका नदी किनारका स्थान तथा मध्य पहाडी भू-भागमा बाढीको जोखिम छ ।विषेश गरी तराई तथा भित्री मधेस क्षेत्र बाढीको दृष्टिकोणले ज्यादै संवेदनशील क्षेत्र हुन् ।यसको साथसाथै काठमाण्डौं उपत्यका, पोखरा उपत्यका लगायत समथल पहाडी भू-भागमा पनि डुवानको उच्च जोखिम बढ्दै गएको छ ।मनसुन अधिक सक्रीय भएपछि असार, साउन, भदौमा बाढी आउने गर्छ ।पहिरो र हिमनदीले बनाएका अस्थायी तालहरूको विष्फोटनले पनि अचानक बाढी (Flash Flood) को सम्भावना पनि हुन्छ ।यस्तो बाढीले अत्याधिक मात्रामा बोकेर ल्याएको बालुवा तथा गेग्रान थिग्रेनाले भावर र तराईका खहरे र नदीनालाकको बहने मार्ग उकासिदिन्छ ।

मौसममा भएको परिवर्तनले हिमनदीको शिर तीव्र रूपमा पग्लने र हिमतालहरू प्राकृतिक बाँधको नियन्त्रणमा रहन नसकी चाँडो विस्फोट हुनुले पनि बाढीका घटना हुने गरेका छन् ।नदीनालाको अतिक्रमण, ढल निकासको उचित प्रबन्ध नहुनु, जथाभाबी गरिएका जग्गा प्लटिङ आदि कारणले बढीको जोखिम झनै बढ्दो छ । प्राविधिक मापदण्डको पालना नगरी गाउँघरमा जथाभावी खनिएका सडकले पनि बाढी कारक हुँदै गएको छ ।

तलको चित्र ५ मा बारम्बार बाढीको चपेटामा परेका जिल्लाहरू देखाइएको छ ।यसले देशको दक्षिणी भागहरू बाढी बाट बारम्बार प्रभावित हुने गरेको प्रष्ट देखाउँछ ।भारतले सीमा नजिकैका नदीहरूमा निर्माण गरेको ब्यारेज र तटबन्धहरूले पानीको प्राकृतिक बहाव अवरुद्ध गर्दा पनि तराईका कतीपय ठाउँ जलमग्न हुने गरेको छ । पूर्वाधार निर्माण, विशेष गरी सीमामा सडक तथा रेलमार्ग तथा नहर प्रणालीको निर्माणले पानीको प्राकृतिक बहाव छेकेर दक्षिणी भू-भागमा डुबान हुने गरेको पाइन्छ ।




*चित्र ५: बाढीबाट बारम्बार (Frequently) प्रभावित भईरहने जिल्ला ।*

तराई र भित्री मधेसको जिल्लामा बाढीको असर बढी हुने देखिएको छ ।बाढीसँगै जोडिएर अरु विपद् पनि आउँछन् ।२०६८ देखि २०७७ सम्म भएका बाढीका घटनाको सारांश तल तालिका ४ मा प्रस्तुत गरिएको छ ।


**तालिका ४: १० वर्षमा बाढीबाट क्षति**

| अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०६८-०१-०१ देखि २०७७-१२-३१ सम्म | बाढी | १६०१ | ७९४ | ५१४ | १७८ | ६४८७४ | ४१८७५ | ११२४८ | ३१९ | ४१९ | १६,६९१,९६८,८८८ |

)


यो दश वर्षमा नेपालभर १,६०१ वटा बाढीका घटना देखिन्छ ।सो समयमा ७९४ जना मानिसको मृत्यु र ५१४ जना मानिस बेपत्ता भएका छन् ।

चित्र ६ मा पछिल्लो एक दशकमा मनसुनी बाढीका कारण भएको मानवीय क्षति जिल्ला अनुसार प्रस्तुत गरिएको छ ।दश वर्षका तथ्याङ्कलाई आधार मान्दा मनसुन शुरु भएको १०० दिनभित्र आएका बाढीका कारण बर्दिया, सुर्खेत, दाङ, रौतहट, सिन्धुली, झापा र मोरङ जिल्लामा बढी मानवीय क्षति भएको देखिन्छ ।




*चित्र ६: मनसुनी बाढीका कारण भएको मानवीय क्षति (२०६८ साल देखि २०७७ सम्म)*


चित्र ७ मा विगत दश वर्षमा घटेका बाढीका घटना र त्यसले निम्त्याएको मानवीय क्षतिको विवरण समेटीएको छ। यसअनुसार २०७४ सालमा अत्यधिक बाढीका घटना र मानवीय क्षति भएको देखिन्छ।




| | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|---|---|---|---|
| घटना संख्या | २५९ | ४५ | २६६ | ६५ | १५ | २३० | ३३८ | ८२ | २०४ |
| मृत्यु संख्या | १२६ | ९ | १३१ | १२९ | ० | १०१ | १६६ | १७ | ७३ |
| बेपत्ता संख्या | ९३ | ७ | १३३ | १३३ | ३ | ३६ | ४२ | ३ | २७ |

*चित्र ७: २०६८ साल देखि २०७६ साल सम्म भएका बाढीका घटनाको विवरण*


त्यसैगरी दश वर्षमा बाढीका कारण २०७१ सालमा सबैभन्दा बढी घर क्षति भएको देखिन्छ। चित्र ८ मा २०६८ साल देखि २०७७ सालसम्म बाढीले भएको क्षतिको विवरण प्रस्तुत गरिएको छ।




| | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|---|---|---|---|
| घर क्षति पूर्ण | ७२३ | १३९ | २६३ | ८६२२ | १४ | ५८३ | २६४ | २२ | ४५२ |
| घर क्षति आंशिक | ४४८ | ३०९ | १०८ | २४४४७ | ४ | १८० | १३८८६ | ५३८ | १९०७ |
| अनुमानित क्षति | ५१२१०४५०० | २१३७६००० | २०३२७३०० | १४९१७६१३९३ | १६५८५००० | ३०७११५०१ | २६४१३५०० | ३४५३०९०० | १०६३४९५२४९ |

*चित्र ८: (२०६८-२०76 साल) सम्म बाढीका कारण भएको क्षति*

मनसुनको सय दिन मध्ये पनि साउन महिनामा बाढीको जोखिम उच्च हुन्छ पोहोरको मात्र तथ्यांक हेर्दा पनि विशेषतः असार र साउन महिनामा बाढीका घटना धेरै भएको देखिन्छ।





*चित्र ९: २०७७ सालको बाढीका घटनाको विवरण*

बाढीबाट ठूलो जन-धनको क्षति हुनुमा ठूलो वर्षा, अपूरो र कमजोर व्यवस्थापन, नदीको बहाव क्षेत्रमा हुने अतिक्रमण, अव्यवस्थति बस्ती विकास, भारतले सीमावर्ती क्षेत्रमा बनाएको भौतिक संरचना तथा तटबन्ध नै प्रमुख कारण हुन्।

सम्बन्धित सबै पक्ष सजग भई उच्च प्राथमिकताका साथ माथि उल्लेखित समस्याको तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानका लागि अविलम्ब कदम चाल्नुपर्छ।साथसाथै आपत्कालीन जोखिम न्यूनीकरण गर्न र बाढी आउनु पूर्व सूचना प्रवाह गर्न सकिएमा जनधनको क्षति हुनबाट बच्न र बचाउन सकिन्छ।

चित्र १० मा बाढीबाट कम, मध्यम र उच्च जोखिममा रहेका जिल्लाहरु देखाईएको छ।यस अनुसार तराईका जिल्लापछि काठमाडौँ, सिन्धुपाल्चोक, बझाङ, बाजुरा, लम्जुङ कास्की, बाग्लुंग, सिन्धुली, पाल्पा, तनहुँ, कास्की, आछाम, नुवाकोट, दैलेख, इलाम, उदयपुर जिल्लामा पनि बाढीको असर उच्च देखिन्छ।





*चित्र १०: बाढीको जोखिम नक्शा /श्रोत: विपद् पोर्टल*

## भारी वर्षा

ठूलो पानी परेपछि घरगोठ वा अरु कुनै भौतिक संरचनामा क्षति पुग्ने हुन्छ।जगमा पानी पसेर, छानु चुहिएर वा अरु कु कारणले घरगोठ लड्ने हुन्छ।यस्तो विपद्लाई भारी वर्षा भनी अभिलेख राख्ने गरिएको छ।मनसुनमा हुने भारी वर्षाका कारण जनधनको क्षति भोग्नु परिरहेको छ।विगत १० वर्षको तथ्याङ्क विश्लेषण गर्दा भारी वर्षाका १,२२४ वटा यसले ९६ जनाको मृत्यु र २७० जना घाइते भएका छन्।विपद् पोर्टलको गत वर्षको तथ्याङ्क हेर्दा गण्डकी, लुम्बिनी, बागमती र सुदूरपश्चिम प्रदेशमा गरी ७ वटा भारी वर्षाका घटना भएका थिए।

तालिका ५: भारी वर्षा जोखिम–विगत १० वर्षको तथ्याङ्क


| अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | घर क्षति | | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आंशिक | पूर्ण | | |
| २०६८-०१-०१ देखी २०७७-१२-३१ सम्म | *भारी वर्षा* | १२४२ | ९६ | १ | २७० | ५५१ | १०९० | २९६ | ३९४,७४२,३६० |




*चित्र ११: मनसुनी भारी वर्षाकारण भएका मानवीय क्षति*


चित्र ११ मा विगत दश वर्ष घटेका भारी वर्षाका कारण भएको मानवीय क्षति उल्लेख छ। नुवाकोट, काठमाडौं, डोटी, सल्यान, रोल्पा जिल्लाहरुमा भारी वर्षाले मानवीय क्षति बढी हुने गरेको तथ्य देखिन्छ।

चित्र १२ ले दश वर्षमा भारी वर्षाको घटना र त्यसले निम्त्याएको मानवीय क्षतिलाइ बुझाउँछ।यसअनुसार २०७७ सालमा भारी वर्षाको घटना र मानवीय क्षति अधिक भएको थियो।





*चित्र १२: २०६८ साल देखि २०७७ साल सम्म भएका भारी वर्षाका घटना र मानवीय क्षतिको विवरण )*

चित्र १३ ले दश वर्षको भारी वर्षाका घटना र त्यसले निम्त्याएको अनुमानित क्षति देखाउँछ ।यस अनुसार २०७७ सालमा सबैभन्दा बढी घर पूर्ण रुपमा क्षति भएको देखिन्छ भने २०७१ सालमा आर्थिक क्षति बढी भएको देखिन्छ।२०७७ सालको आर्थिक क्षतिको आकलन भने हुन नैं बाँकि छ।




*चित्र १३: २०६८ साल देखि २०७७ साल सम्म भारी वर्षाका कारण भएको क्षति र नोक्सानको विवरण*

मनसुनको सय दिन मध्ये पनि साउनमा भारी वर्षाको जोखिम उच्च रहेको देखिन्छ।




*चित्र १४: २०७७ सालमा भएका घटनाको विवरण )*

## पहिरो

पहिरो बर्खायाममा हुने प्रमुख विपद् हो ।नेपालको पर्वतीय भूसतह ज्यादै कमजोर छ ।तीव्र वन विनाश, अत्यन्तै भिरालो पहाड/पर्वत, खोरिया फडानी, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने वर्षा र त्यसपछिको बढ्दो तापक्रमका कारण पहाड र चुरे क्षेत्रमा बारम्बार पहिरो जाने गरेको छ ।यस अतिरिक्त सडक, ठूला भवन, सिँचाई  कुलो लगायत पूर्वाधार विकास गर्दा सुरक्षा मापदण्डलाई बेवास्ता गर्ने परिपाटीले पनि पहिरोको कहर बढ्दै गइरहेको छ।

ढुंगा, गिट्टी, बालुवा खानी सञ्चालन गर्दा वातारवरणीय प्रभाव मूल्यांकन कडाईका साथ लागू हुन नसक्नु, जग्गा प्लटिङ गर्दा डोजरको प्रयोग गरी भू-बनोटलाई खलल पुर्याउनु, ग्रमिण सडक बनाउँदा डोजरको मनपरी प्रयोग पनि पहिरोको संख्या र आयतन बढाइरहेको छ।

पहिरोका कारण जनधनको ठूलो क्षति हुने गरेको छ, भइरहेको छ ।पहिरोले विभिन्न सडक र लोकमार्गहरु अवरुद्ध गर्छ ।पहिरोले आर्थिक, सामाजिक जीवनका अरु विभिन्न आयामहरूलाई पनि असर गर्छ ।पहिरोले यातायात सेवा अवरुद्ध गर्नासाथ प्रतिकार्य गर्न सरकारको स्वामीत्वमा देशभर रहेका डोजर लगायत हेभी इक्विपमेन्टको तथ्याङ्क संकलन गर्न जरुरी छ ।पहिरो नियन्त्रणका लागि गुरुयोजनाको अभाव छ।

सिमित सूचना स्रोत र साधनमा भर गरेर भए पनि मध्य पहाड र केही हिमाली समेत २२ जिल्लालाई पहिरोको अत्याधिक जोखिमपूर्ण भनी पहिचान गरिएको छ ।यसपाली पनि विशेष गरी पहाडी जिल्ला र केही हदसम्म चुरे क्षेत्रमा पहिरोको जोखिम हुने आँकलन गरिएको छ। विगत १० वर्षको तथ्याङ्क विश्लेषण गर्दा पहिरोले वर्षमा सयजना भन्दा बढीको मृत्यु भइरहेको छ तर अहिलेसम्म पहिरो रोकथाम तथा व्यवस्थापनका लागि रणनीतिक रुपमा कार्यक्रम बनेको छैन।२०६८ देखि २०७७ सम्मको तथ्याङ्क विश्लेषण गर्दा यस अवधिमा नेपालभर २,१२१ पहिरो घटना घटेको देखिन्छ ।त्य-सले १२०५ जनाको मृत्यु र २९७ जना बेपत्ता भएका छन्।


गत मनसुन अवधिमा बाढीको कारणले आएको पहिरो र गेग्रान वाहावका कारणले २,८२१ वटा घर पूर्ण क्षति र ३,८४४ घर आशिंक क्षति भएको प्रारम्भिक तथ्याङ्क छ।

**तालिका ६: पहिरो जोखिम–विगत १० वर्षको तथ्याङ्क**


| अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०६८-०१-०१ देखी २०७७-१२-३१ सम्म | पहिरो | २१२१ | १२०५ | २९७ | ९९६ | ७५६५ | २५२० | २७६८ | ४०२ | ७५९ | १,७१८,०१५,२३७ |

*श्रोत: विपद् पोर्टल (bipadportal.gov.np)*

चित्र १५ मा २०६८ साल देखि २०७७ सालसम्म जिल्ला अनुसार पहिरोले भएको मानवीय क्षति प्रस्तुत गरिएको छ ।विगत १० वर्षको मनसुन अवधिमा सिन्धुपाल्चोक र कास्कीमा सर्वाधिक मानवीय क्षति भएको देखिन्छ ।





*चित्र १५: पहिरोले भएको मानवीय क्षति*




*चित्र १६: वडा स्तरीय जोखिम नक्सा*

वैज्ञानिक विश्लेषणका आधारमा काठमाडौं जिल्ला पहिरोको अत्याधिक जोखिमपूर्ण भनि पहिचान गरिएको छ।


चित्र १७ मा विगत दश वर्षमा घटेका पहिरोका घटना र त्यसले निम्त्याएको मानवीय क्षतिको विवरण एकीकृत गरिएको छ।यस अवधिमा पोहोर अर्थात् २०७७ सालमा अहिलेसम्मकै सबैभन्दा बढी पहिरोका घटना र मानवीय क्षति भएको थियो।तथ्यांक अनुसार २०७५ साल देखि पहिरोका घटना र मानवीय क्षति बढदै गएको देखिन्छ।




| | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना संख्या | १२७ | १०४ | ९५ | ७७ | ६२ | २३६ | १६३ | ३३४ | ४३४ | ४८९ |
| मृत्यु संख्या | ११३ | ६८ | ७९ | ११६ | १३५ | १४७ | ७५ | ८८ | ८३ | ३०१ |
| बेपत्ता संख्या | २४ | ८ | २२ | १२९ | १३ | ९ | १५ | २ | ११ | ६४ |

*चित्र १७: २०६८ देखि २०७७ साल सम्म भएका पहिरोका घटना र मानवीय क्षतिको विवरण*


त्यसैगरी विगत दश वर्षमा पहिरोका कारण २०७७ सालमा सबैभन्दा धेरै घर पूर्ण रुपमा क्षति भएको देखिन्छ। *चित्र १८* मा दश वर्षमा पहिरोको क्षतिको विवरण प्रस्तुत गरिएको छ।




| | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घर क्षति पूर्ण | १०० | ६६ | १३४ | १४३ | १२१ | ३५९ | १३९ | १८८ | ११३२ | २८२१ |
| घर क्षति आंशिक | ६ | ७४ | ६० | ३७ | ९६ | ४४० | ४० | ११४ | १५८५ | ३८४४ |
| अनुमानित क्षति | ४५७२६८०० | २०५९७५०० | १६९१२७४५८ | २३६६५९७९ | ६४२४०० | ८१०६४२२०० | ६१३४३००० | १३३८१९००० | ४०१४८६००० | ५०९६४९०० |


*चित्र १८: २०६८ देखि २०७७ साल सम्म पहिरोका कारण भएको क्षति*

मनसुनको सय दिन मध्ये पनि साउन महिनामा पहिरोको जोखिम उच्च हुन्छ ।पोहोरको पहिरोको घटनाको मात्र हेर्दा असार र साउन महिनामा नै पहिरोको अत्यधिक घटना भएको देखिन्छ ।




*चित्र १९: २०७७ सालमा भएका पहिरोका घटनाको विवरण*


चित्र २० मा पछिल्लो २० वर्षको घटनाका आधारमा नेपालका कम, मध्यम र उच्च जोखिममा रहेका जिल्लाहरु देखाइएको छ ।




## पानीजन्य अन्य जोखिम

मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनि धेरैको ज्यान जाने गरेको छ ।झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट बर्सेनी हजारौ मानिस र विशेष गरी बालबालिकाको मृत्यु हुने गरेको देखिन्छ ।विगतमा झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु, इन्फुलुएञ्जा, फ्लु, लगायत प्रमुख महामारीका रुपमा रहेका थिए ।मनसुनको समयमा डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरु तथा सर्पदंशका कारण बर्षेनी करिब ५ सय जनाको ज्यान जानेगरेको छ ।दुषित पानीको प्रयोग, जीवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमी, लगायतका कारण महामारीका घटना दोहोरिएका छन् ।पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भई यस्ता घटना हुने गरेका छन् ।


तथ्याङ्क हेर्दा अरु प्रकोप भन्दा महामारीले धेरै जनाको ज्यान गएको देखिन्छ ।उदाहरणको लागि २०६५ साल चैतदेखि भदौसम्ममा नेपालको मध्य तथा सदुरपश्चिमी क्षेत्र झाडापखालाको महामारीबाट प्रभावित भयो, २८२ जनाले ज्यान गुमाए ।जाजरकोट जिल्लामा मात्र करिब १२,५०० व्यक्ति प्रभावित भए भने १२८ जनाले ज्यान गुमाए। रुकुममा मात्र ४६ जनाले ज्यान गुमाए ।साउन, भदौमा सर्प दंशको घटना पनि बढ्छ । गत वर्ष सर्पले टोकेर ३३ जनाको ज्यान गएको प्रारम्भिक तथ्याङ्क छ। यसपाली पनि विभिन्न पानीजन्य रोग र विपद्का घटना हुने अनुमान गरिएको छ।





*चित्र २१: रोग भाग दर- डेगु (भेक्टर बाट सर्ने रोग)*





*चित्र २२: रोग भाग दर:गम्भिर तीव्र श्वासन संक्रमण (भेक्टर बाट सर्ने रोग)*




*चित्र २३: रोग भाग दरः कालाजार (भेक्टर बाट सर्ने रोग)*




*चित्र २४: रोग भाग दर- मलेरिया (भेक्टर बाट सर्ने रोग)*





*चित्र २५: रोग भाग दर-स्क्रब टाइफस (भेक्टर बाट सर्ने रोग)*

## कोभिड-१९


कोभिड-१९ को संक्रमण समुदायमा फैलिरहेको छ।वर्षायामभर यो क्रम कायमै रहने देखिएको छ।यसकारण बाढी, पहिरो, डुबान लगायतको पूर्वतयारी र प्रतिकार्य कोभिड-१९ को दोस्रो लहरले प्रभावित हुने निश्चित छ।उद्दार, पुनर्स्थापना र प्रतिकार्यका अरु क्रियाकलाप कोभिड-१९ को सम्भावित संक्रमणबाट जोगिएर गर्नुपर्ने चुनौती छ।

## बाढी, पहिरो र कोभिडको अन्तरसम्बन्ध

डुबान र बाढीको अत्याधिक जोखिम रहेको तराईका जिल्ला नै कोभिड-१९को पनि धेरै जोखिममा छन्।यसरी खप्टिने सबै विपद्हरुसँग तयारीका साथ सामना गर्ने गरी यो कार्य योजना तयार गरिएको छ।चित्र २६ र २७ मा बाढी र कोभिडको जोखिम र पहिरो र कोभिडको जोखिम अनुसार नेपालका कम, मध्यम र उच्च जोखिममा रहेका जिल्लाहरू पहिचान गरिएको छ।




*चित्र २६: बाढी र कोभिडको जोखिम नक्सा*





*चित्र २७: पहिरो र कोभिडको जोखिम नक्सा )*

# पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलाप

## पहिरोको पूर्वसूचना प्रणाली (Impact Based Forecasting for Landslides)


यसै वर्षको मनसुनदेखि पहिरो जन्य विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा प्रभावमा आधारित पूर्वसूचना प्रणालीको थालनी गरेको छ। सिन्धुपाल्चोक, गोरखा, रसुवा, जाजरकोट, दैलेख, कालिकोट, स्याङ्जा, म्याग्दी, बाग्लुङ गरी ९ जिल्लाका आति जोखिमयुक्त ३६ वटा पलिकाहरुमा यस प्रकारको प्रणालीको विकास गर्न सुरुवात भएको छ। यस नमूना कार्यक्रमले पहिरोको पूर्वानुमान गरी त्यसबाट प्रभावित हुनसक्ने सर्वसाधरलाई पूर्व जानकारी दिई सुरक्षित बनाउने प्रयास गर्नेछ। अग्रिम सूचना दिनु र विपद्पूर्व तयारी अवस्थामा रहन सहयोग पुर्याउनु नै यस प्रभावमा आधारित पूर्वसूचना प्रणालीको मुख्य उदेश्य रहेको छ।

**प्रभावमा आधारित मनसुन पूर्वसुचना (IBF) प्रणाली अभ्यास (पाइलटिङ)
गरिएका जिल्लाहरू / पालिकाहरू**





*चित्र २८: प्रभावमा आधारित पूर्वसूचना प्रणाली लागू भएका पलिकहरु*

## खुला स्थानको पहिचान, विकास र उपयोग




*चित्र २९: खुला स्थानको नक्शामा जनाकारी/)*





*चित्र ३०: खुला स्थानको विस्तृत विवरण*

विपद् विस्थापितले आश्रयस्थलको रुपमा उपयोग गर्ने तथा मानवीय सहायता सञ्चालन गर्न खुला स्थानको पूर्व पहिचान गरिनुपर्छ। खासगरी घनावस्ती भएका शहरी क्षेत्रमा यस्तो स्थानले आपत्कालीन प्रतिकार्यमा सहज हुन्छ। शहरी क्षेत्रमा उपल्धब्ध खुला स्थान पहिचान गरी संरक्षण तथा सेवा सुविधा विकास गरी पहुँच योग्य बनाएर सबैलाई जानकारी गराउनु पर्ने हुन्छ। सरकारी स्तरबाट पहिचान भएका विपद्का समयमा प्रयोग गर्न सकिने खुला स्थानलाई एकीकृत विपद् सूचना प्रणाली https://bipadportal.gov.np/risk-info/#/capacity-and-resources मा राखेर सबैको जानकारीमा ल्याउने प्रयास गरिएको छ। हालसम्म बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही शहरी क्षेत्रका १५५ वटा स्वीकृत खुला क्षेत्रहरु (Humanitarian Open Spaces: ८३,०८,६७३ वर्ग मि. कुल क्षेत्रफल र ४८,८१,३१८ वर्ग मि. कुल प्रयोग  गर्न योग्य क्षेत्र) र समुदायले प्रयोग गरिरहेका अन्य सामान्य १९१ खुला स्थानहरुको अभिलेखलाई प्रणालीमा ल्याइसकिएको छ। मानवीय सहायतामा प्रयोग गरिने देशभरिका खुला क्षेत्रहरु पहिचान र उचित व्यवस्थापन गरी विपद् पूर्वतयारी सुदृढ गराउनुपर्ने चुनौति हाम्रो सामु छ।

## आवास पुनर्निर्माण तथा पुनःस्थापना अभियान

दश वर्षको तथ्याङ्क केलाउने हो भने नेपालमा मनसुनजन्य विपद्का कारण वर्षेनि झण्डैं छ हजार घरबास क्षति हुने गरेको छ। यीमध्ये झण्डै १४ सय घर पूर्णरुपले क्षति हुने गरेको देखिन्छ। अन्य वर्षको तुलनामा पोहोरको बाढी र पहिरोले बढी क्षति पुर्यायो।

यो पृष्ठभूमिमा सरकारले बाढी पहिरोबाट घरवासविहीन परिवारहरुलाई निजी आवास बनाउन अनुदान दिन थालेको छ। यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले मिति २०७७।०९।२६ गतेको बैठकबाट "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७" जारी गरेको छ।





*चित्र ३१: पानीजन्य विपदबाट २०२० साल प्रभावित घरसंख्या र पुनःस्थापना भएका परिवार संख्या*

२०७७ सालको मनसुनको अवधि (जेठ ३० देखि असोज ३०) मा बाढी तथा पहिरोका कारण क्षतिग्रस्त घर पुनर्निर्माण गर्न अनुदान वितरण सुरु गरिएको छ। हिमाल, पहाड र तराईका जिल्लामा प्रति घरपरिवार क्रमशः रु. ५ लाख, रु. ४ लाख र रु. ३ लाखका दरले अनुदान रकम दिने काम जारी छ। तीन वटै तहका सरकारहरूको लागत सहभागिताका आधारमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत लाभ ग्राहीको बैंक खातामा उपलब्ध गराउनन थालिएको छ।त्यसैगरी जग्गा तथा घडेरीविहीनहरूलाई रु. ३ लाख सम्म घडेरी अनुदान समेत उपलब्ध गराइन्छ।

स्थानीय विपद् व्यवस्थापन समितिले लाभग्राहीको पहिचान गर्ने तथा वडा अध्यक्षले लाभग्राहीसँग सम्झौता गरी अगुवाई गर्नुपर्ने यस कार्यक्रमबाट करिब ६ हजार परिवार लाभान्वित हुने अनुमान छ।यसका लागि म्याग्दी, धनकुटा, भोजपुर, स्याङ्जा, बाजुरा, पर्वत, मोरङ, बाग्लुङ, रुकुम पश्चिम, दार्चुला जिल्लामा संघीय सरकारका तर्फबाट पहिलो किस्ता निकासा गइ भइसकेको छ।अन्य जिल्लामा मागका आधारमा क्रमशः निकासा हुनेछ।

### आपत्कालीन सामग्रीहरुको निकायगत क्षेत्रहरुमा उपलब्ध श्रोत साधनहरुको आँकलन

आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामग्रीको उचित प्रवन्ध र सोको भण्डारण जरुरी हुन्छ। यस वर्षका लागि विभिन्न निकायमा मौज्दात रहेका आपत्कालीन उद्धार, राहत सामग्रीको लगत तल चित्रमा देख्न सकिन्छ।सुरक्षा निकायबाट विपद् घटनामा परिचालन हुने दक्ष जनशक्तिको विवरण, आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामग्री तथा सर्पदंश उपचार केन्द्रको विवरण अनुसूची खण्डमा संलग्न छ।




*चित्र ३२: विभिन्न विषयगत क्षेत्रमा मौजत रहेका आपत्कालीन उद्धार र राहत सामाग्री*

## पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी

### विषयगत मन्त्रालयहरुका पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी

**गृह मन्त्रालय**

**पूर्वतयारी र प्रतिकार्यका मुख्य क्रियाकलापहरु**


- जिल्ला विपद् व्यवस्थापन समितिहरुलाई DPRP अध्यावधिक गर्न निर्देशित गर्ने।
- जिल्ला विपद् व्यवस्थापन कोषमा आवश्यक रकम निकासा गर्ने।
- विपद् प्रतिकार्य तथा राहतका सामग्रीको मौजदात अध्यावधिक गर्ने ।
- विपद् प्रतिकार्य तथा राहतका सामग्रीहरुलाई संभावित आवश्यकताका स्थान (Strategic Location) नजिकै पूर्व भण्डारण गर्ने व्यवस्था मिलाउने ।
- मानवीय सहायता स्थल, प्रदेश गोदामघर तथा अन्य निकायहरुसँग रहेका प्रतिकार्य तथा राहतका संचित सामग्रीको आवश्यकताका आधारमा परिचालन गर्ने/गराउने।
- बन्दोवस्ती (Logistics Cluster) विषयगत क्षेत्रको नेतृत्व गर्दै सहयोगी संस्थाहरु समेतको सहयोगमा Cluster कृयाशील गरी आपत्कालीन सामग्रीको ढुवानी सुचारु राख्ने ।
- आपत्कालीन सामग्रीको खरीद तथा व्यवस्थापनमा जिल्ला विपद् व्यवस्थापन समितिहरुसँग समन्वय र सहकार्य गर्ने।
- विपद् प्रभावितको खोजी, उद्धार तथा आवश्यक औषधी उपचारको निशुल्क व्यवस्था गर्ने।

**द्रष्टव्यः गृह मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड-२ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

गृह मन्त्रालय, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्र (National Emergency Operation Centre- NEOC) लाई २४ सै घण्टा सञ्चालनमा राख्ने ।प्रदेश आपत्कालिन कार्य सञ्चालन केन्द्र (Provincial Emergency Operations Centre), जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र (District Emergency Operations Centre) र स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र (Local Emergency Operations Centre) हरुलाई पूर्वतयारीको अवस्थामा राख्ने।
- आवश्यकानुसार अन्तरराष्ट्रिय र राष्ट्रिय आपतकालीन कोषहरु परिचालन गर्न समन्वय गर्ने ।
- वाह्य सहयोगका क्षेत्र र सामग्रीहरुको सूची तयारी गर्ने ।


Government of Nepal
Ministry of Home Affairs
National Disaster Risk Reduction & Management Authority

Ref No.: 077/78-608

Singhadurbar
Kathmandu, Nepal

16 May 2021

Ms. Sara Beysolow Nyanti
Resident Coordinator
United Nations in Nepal
UN House, Pulchowk, Nepal

Re: Activation of the emergency response mechanism and cluster approach.

Dear Ms. Nyanti,

In light of the current COVID crisis and the ensuing monsoon –landslide, floods and water borne diseases– disasters the National Disaster Risk Reduction and Management Authority (NDRRMA) would like to request the activation of emergency response mechanism and cluster approach.

The overlapping impact of COVID's second wave and monsoon disasters indicates increased and expedited humanitarian needs, not only in health but also across all key development sectors as stipulated in the National Disaster Risk Reduction Management Act, 2017 and the National Disaster Response Framework, (revised 2018).

The coordinating person is Mr. Bed Nidhi Khanal, Under Secretary, Disaster Risk Reduction and Operations Division, NDRRMA. Contacts: beda.khanal@nepal.gov.np, 977-985173030.

Thank you very much for your continued support.

Yours Sincerely,

Anil Pokhrel
Chief Executive

*Copied:*
Office of the Prime Minister and Council of Ministers
Ministry of Finance
Ministry of Home Affairs (Cluster Lead: Logistics)
Ministry of Health and Population (Cluster Lead: Health and Nutrition)
Ministry of Water Supply (Cluster Lead: Water, Sanitation and Hygiene)
Ministry of Urban Development (Cluster Lead: Emergency Shelter and Camp Coordination & Camp Mgmt.)
Ministry of Agriculture and Livestock Development (Cluster Lead: Food Security)
Ministry of Federal Affairs and General Administration (Cluster Lead: Early Recovery)
Ministry of Education, Science and Technology (Cluster Lead: Education)
Ministry of Communication and Information Technology (Cluster Lead: Emergency Communication)
Ministry of Women, Children and Senior Citizen (Cluster Lead: Protection)
All Provinces, Office of Chief Minister and Council of Ministers
All Provinces, Ministry of Internal Affairs and Law

Phone: +977-1-4200260; Fax: +977-1-4200103; Toll Free: 1149; Email: ndrrma@ndrrma.gov.np; ndrrma@gmail.com; URL: www.ndrrma.gov.np

- जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग र सिँचाई विभागसँग सहकार्य गरी पहिरो, बाढी र डुबानको पूर्व सूचना प्रणालीलाई थप चुस्त र व्यवहारिक बनाउने।
- बाढी र डुबान पूर्वतयारीका लागि जिल्ला प्रशासन कार्यालयमा आवश्यक बजेट निकासा गर्ने।
- सबै जिल्ला विपद् व्यवस्थापन समितिमा कृतिम अभ्यास गर्ने, गर्न लागाउने।
- स्थानीय तहका प्रत्येक वडाहरुमा विपद् प्रतिकार्यका न्यूनतम सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिश्चिता गर्ने। त्यसका लागि जिल्ला प्रशासन कार्यालयले स्थानियतहसँग सहकार्य गरी प्रत्येक वडालाई न्यूनतम रु २५००० बराबरको सामाग्री उपलब्ध गराउने, नपुग रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने व्यवस्था मिलाउने ।
- स्थानीय तहका प्रत्येक वडाहरुमा विपद् प्रतिकार्यका न्यूनतम सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिश्चिता गर्ने।
- आकस्मिक भूस्खलन क्षेत्र, पहिरो प्रभावित क्षेत्र, गल्छी क्षेत्रहरूको जोखिम न्यूकरण सम्बन्धी निर्माण कार्य, प्रतिकार्यका लागि चाहिने उद्धार सामग्रीको व्यवस्था तथा समन्वय गर्ने, गर्न लागाउने तथा कटान प्रभावित तराइका जिल्लामा आश्रय स्थल निर्माण गर्ने, गर्न लागाउने।
- पहिरो जोखिम क्षेत्रबाट प्रभावमा आधारित (Impact Based Flood Forecasting) को सुरुवात गर्ने।
- गृह मन्त्रालयसँग समन्वय गरी बाढी र डुबानको क्षतिको लेखाजोखा गर्न ड्रोनको प्रयोगमा सहजिकरण गर्ने।
- सूचना संकलन विष्लेशण र प्रवाहलाई व्यवस्थित वनाउने।
- खुला स्थान हेलीप्याड सर्पदंश उपचार केन्द्र जस्ता विवरणहरु अध्यावधिक गर्ने।
- सवैखाले विपदबाट जोगिन जोगाउन के गर्ने भन्ने बारे संचार सामग्री निर्माण तथा प्रचार गर्ने।
- मनसुनको समयमा हप्तामा एक पटक Media Brief कार्यक्रम गर्ने र कार्यालयमा Media स्थापना गरी नियमित सूचना प्रवाह गर्ने।
- राष्ट्रिय परिषद र कार्यकारी समितिको वैठकका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

प्रतिकार्यका क्रियाकलापहरु

- खोज, उद्धार तथा राहत कार्यमा समन्वय र सहजिकरण गर्ने।
- राहतका कार्यमा एकद्धार नीति अवलम्बन गर्न सहयोग गर्ने।
- बाढी तथा पहिरो बाट क्षति भएका निजी आवासको पुनर्निमाण र पुनर्स्थापनालाई निरन्तरता दिने।
- मनसुनबाट प्रभावित समुदायमा पुनर्लाभका कार्यक्रमहरू ल्याउने।

प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र (Provincial Emergency Operation Centers)

- प्रतिकार्यको लागि चाहिने सामाग्री साथै राहत सामग्रीहरूको पूर्व प्रबन्ध गर्ने ।
- प्रतिकार्य र राहत सामग्री उचित भण्डारणको अनुगमन गर्ने र जिल्ला एवम् स्थानीय स्तर सम्म भण्डारणको व्यवस्था मिलाउने।
- प्रतिकार्य र राहत सामग्री भण्डारणको लागि संचालित गोदामघरहरुबाट जिल्ला तथा स्थानीय तहलाई सामग्री उपलब्ध गराउने।
- केन्द्र संग समन्वय गर्ने।

जिल्ला प्रशासन कार्यालयहरू

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने।
- कम्तीमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने।
- आपतकालीन आश्रयस्थल खाद्यान्न पोषण लैङ्गिक संवेदनशीलता जस्ता विषयहरु ClusterActivation समेत गरी पूर्वतयारी गर्ने।
- आवश्यकता अनुसार पर्याप्त मात्रामा गैर खाद्य सामग्रीको सेट तयार गरी मौज्दात राख्ने।
- राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको प्रबन्ध गर्ने।
- सबै विषयगत क्षेत्रका नेतृत्व र सह नेतृत्व (Cluster Lead & Co-Lead) लाई तयारी अवस्थामा रहन लगाउने।
- तुरुन्त SAR Activity गर्ने र एक दिन भित्रै राहत उपलब्ध गराउने।
- विपद् पश्चात हुने अभाव कालावजारी तथा अपराधिक गतिविधि नियन्त्रणमा राख्ने।
- कोभिड प्रभावित क्षेत्रबाट उद्धार पछि फर्केका ब्यक्तिलाई दश दिन Isolation मा राख्ने व्यवस्था मिलाउने।
- तथ्याङ्क संकलन तथा यकीन गर्ने कार्यमा ध्यान दिने र शुद्धता ल्याउने।
- जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रहरुमा जनशक्ति र स्रोतसाधन सहित चौबिसै घण्टा संचालनमा ल्याउने।
- चीनसँग सीमा जोडिएका र संयुक्त जलाधार क्षेत्र भएका जिल्लाहरुले माथिबाट ताल विष्फोटन, नदि थुनिने जस्ता समस्याहरुको जोखिम न्यूनीकरण गर्न समन्वय गर्ने।

प्रतिकार्यका क्रियाकलापहरु

- खोज, उद्धार तथा राहत कार्यमा समन्वय र सहजिकरण गर्ने।
- राहतका कार्यमा एकद्वार नीति अवलम्बन गर्न सहयोग गर्ने।
- बाढी तथा पहिरो बाट क्षति भएका निजी आवासको पुनर्निमाण र पुनर्स्थापनालाई निरन्तरता दिने।
- मनसुनबाट प्रभावित समुदायमा पुनर्लाभका कार्यक्रमहरू ल्याउने।

प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र (Provincial Emergency Operation Centers)

- प्रतिकार्यको लागि चाहिने सामाग्री साथै राहत सामग्रीहरूको पूर्व प्रबन्ध गर्ने ।
- प्रतिकार्य र राहत सामग्री उचित भण्डारणको अनुगमन गर्ने र जिल्ला एवम् स्थानीय स्तर सम्म भण्डारणको व्यवस्था मिलाउने।
- प्रतिकार्य र राहत सामग्री भण्डारणको लागि संचालित गोदामघरहरुबाट जिल्ला तथा स्थानीय तहलाई सामग्री उपलब्ध गराउने।
- केन्द्र संग समन्वय गर्ने।

जिल्ला प्रशासन कार्यालयहरू

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने।
- कम्तीमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने।
- आपतकालीन आश्रयस्थल खाद्यान्न पोषण लैङ्गिक संवेदनशीलता जस्ता विषयहरु ClusterActivation समेत गरी पूर्वतयारी गर्ने।
- आवश्यकता अनुसार पर्याप्त मात्रामा गैर खाद्य सामग्रीको सेट तयार गरी मौज्दात राख्ने।
- राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको प्रबन्ध गर्ने।
- सबै विषयगत क्षेत्रका नेतृत्व र सह नेतृत्व (Cluster Lead & Co-Lead) लाई तयारी अवस्थामा रहन लगाउने।
- तुरुन्त SAR Activity गर्ने र एक दिन भित्रै राहत उपलब्ध गराउने।
- विपद् पश्चात हुने अभाव कालावजारी तथा अपराधिक गतिविधि नियन्त्रणमा राख्ने।
- कोभिड प्रभावित क्षेत्रबाट उद्धार पछि फर्केका ब्यक्तिलाई दश दिन Isolation मा राख्ने व्यवस्था मिलाउने।
- तथ्याङ्क संकलन तथा यकीन गर्ने कार्यमा ध्यान दिने र शुद्धता ल्याउने।
- जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रहरुमा जनशक्ति र स्रोतसाधन सहित चौबिसै घण्टा संचालनमा ल्याउने।
- चीनसँग सीमा जोडिएका र संयुक्त जलाधार क्षेत्र भएका जिल्लाहरुले माथिबाट ताल विष्फोटन, नदि थुनिने जस्ता समस्याहरुको जोखिम न्यूनीकरण गर्न समन्वय गर्ने।

दक्षिण सीमावर्ती जिल्ला प्रशासन कार्यालयहरू

- नेपालको दक्षिणी सीमावर्ती क्षेत्रमा विभिन्न संरचना निर्माणको कारणले मनसुनको पानीको बहाव निकास अवरुद्ध भएको स्थान पहिचान गर्ने।
- भारतीय समकक्षी संस्थाको समन्वयमा निकास खोल्ने, अवरोधहरू हटाउने।
- ठूलो बाढी आएमा स्लुइस (Sluicegate) एवम् व्यारेजका गेट खुला राख्ने काम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- थप समस्या समाधानका उपायहरुका बारेमा माथिल्लो निकायमा समन्वय गर्ने।

**शहरी विकास मन्त्रालय, (नेतृत्व निकाय): विषयगत क्षेत्र-आपत्कालीन आश्रय स्थल र शिविर समन्वय तथा व्यवस्थापन**

**सहयोगी नकिाय: IFRC/UN HABITAT र IOM**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद् जोखिमयुक्त वस्तीको पहिचान गरी अभिलेख तयार गर्ने र जानकारी गराउने ।
- जोखिमयुक्त वस्ती स्थानान्तरणमा सुरक्षित क्षेत्र यकिन गर्ने र एकीकृत वस्ती निर्माण विकास गर्ने।
- आवश्यकता अनुसार Shelter Kits को व्यवस्थापनमा सहकार्य गर्ने।
- आवश्यकता र उपलब्ध श्रोत तथा क्षमताको पहिचान तथा अन्तरहरु पहिचान गर्ने।
- लाभान्वितप्रति जवाफदेहीता तथा निगरानी संयन्त्रको स्थापना गर्न सहयोग गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- प्रभावित क्षेत्रहरु तथा कोभिड प्रतिकार्यका लागी स्थापित क्वारेन्टिनहरुमा आवासको लागि गैर खाद्य राहत (NFRI) वितरण गर्ने।
- NRA ले विगतमा तयार गरेका सयवटा Emergency Shelter लाई उपयोगमा ल्याउने।
- संक्रमणकालीन तथा दीर्घकालीन आवास समाधानका लागी आवश्यक पहल गर्ने।
- खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थानहरुका अध्यावधिक राख्ने र राख्न लागउने।
- विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका सामुदायिक भवन वा आश्रयस्थलको (अस्थायी बासस्थानहरू) मापन गरी अध्यावधिक विवरण उपलब्ध गराउने।
- विभिन्न बाढी प्रभावित क्षेत्रहरुमा लेखाजोखा सञ्चालन गरिरहेका विभिन्न पक्षहरुबाट शिविर वा आश्रयस्थलहरुको स्थितिको बारेमा सुचना संङ्कलन गर्ने।
- आश्रयस्थल वा शिविरमा रहेका प्रभावित ब्यक्तिहरुको संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता (WASH), खाद्यन्न, पोषण, आश्रयस्थल/गैरखाद्य सामाग्री सम्बन्धी सूचना व्यवस्थापनको निम्ति विस्थापन ट्र्याकिङ्ग म्याट्रिक्स (DTM) कोभिड-१९ माहामारिसँग सान्दर्भिक हुने गरी अद्यावधिक गराउने।
- खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थान तथा आश्रयस्थलमा शिविरको सञ्चालन गर्नेका निम्ति साईट प्लानहरु उपलब्ध गराउने वा स्वतःस्फुर्त साईटहरुको द्रुत गतिमा स्तरोन्नती तथा परिमार्जन गर्नका लागि साईट प्लानहरु उपलब्ध गराउने।
- शिविर वा आश्रयस्थलमा रहेका प्रभावित जनसंख्यालाई जीवन रक्षार्थ सेवाहरु समयमा नै सुनिश्चित गर्ने। प्रदान गरिएको सेवा सम्बन्धी सुचना व्यवस्थापन गर्ने।
- विस्थापन ट्र्याकिङ्ग म्याट्रिक्सको (DTM) कार्यान्वन गरी आवश्यकता वा सेवा पहिचानका लागि सुचना संङ्कलन गर्ने, प्रभावित क्षेत्रहरुमा रहेका प्रावधान र अन्तरहरु ( Provision and Gaps) सम्बन्धी जानकारी संकलन गर्न नियमित रुपमा Remote Assessment/Field Visit विधि मार्फत् सूचना, नक्सा र तथ्यांकको अद्यावधिक गरी विभिन्न क्लस्टरहरू वा निकायहरुलाई सूचना प्रदान गर्ने।
- खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) क्लस्टर, स्वास्थ्य (Health) क्लस्टर, शेल्टर (Shelter) क्लस्टर र अन्य क्लस्टरहरू सँगको समन्वयमा शिविर वा आश्रयस्थलमा डिकन्जेसन (Decongestion) गराउने र सामाजिक दूरी कायम राख्न प्लानहरु उपलब्ध गराउने।
- शिविरस्थल र आश्रयस्थलहरुमा गुनासो संयन्त्रहरूको स्थापना सुनिश्चित गर्ने।
- अरु क्लस्टरहरूको समन्वयमा शिविर तथा आश्रयस्थलहरुमा निरन्तर स्वास्थ्य सेवाहरु, मनोवैज्ञानिक/मानसिक परामर्श, सिफारिसको प्रभावकारी कार्यपद्धति (Referral Mechanism) स्थापना गराउने।
- शेल्टर (Shelter) तथा अन्य क्लस्टरहरूसँगको समन्वयमा फिर्ता सहयोगको (यातायात, संकलित फिर्ता प्याकेज मार्फ नगद र सामानको सुविधा) बन्दोबस्त गर्ने।
- प्राथमिकता शिविर र आश्रयस्थल जहाँ अझै फिर्ता सम्भव छैन, त्यसता साइटहरुको पूर्वाधार सुधार गर्ने वा ट्रान्जिट केन्द्रहरू (Transit Centers) र शिविरहरूको स्तरोन्ती गर्ने।
- शिविरहरु वा आश्रयस्थलहरु बन्द गर्ने (Decommission), निसंक्रमण (Disinfection) गर्ने र शिविरहरु बन्द गर्दा यथासक्दो साइटहरूलाई आफनो मौलिक प्रयोगमा फिर्ता लग्ने।

शहरी विकास तथा भवन निर्माण विभाग

पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- विपद् लगत्तै प्रारम्भिक द्रुत सर्वेक्षणका लागि तयारी अवस्थामा रहने।
- सेल्टर सम्बन्धी अभिमुखिकरण तथा तालिम गर्ने/गराउने ।
- मनसुन पुनर्लाभ कार्यक्रम गर्ने।

---

सहयोगी निकाय: IOM

लक्षित वर्ग: विस्थापित सीमान्तकृत, सामाजिक एवं आर्थिक रुपले पिछडिएका, विपन्न, जोखिममा परेका, संकटासन्न घरपरिवार

अनुमानित जनसंख्याः

बाढी: कुल लक्ष्य: ३४०,०००
प्राथमिकता: ६८, ०००

पहिरो: कुल लक्ष्य: ५८,५००
प्राथमिकता: ११,७००

लक्षित क्षेत्र: सातै वटा प्रदेशका पहिरो, बाढी अन्य मनसुनजन्य जोखिमबाट प्रभावित जिल्ला

अनुमानित लागत: अमेरिकि डलर २,५००,०००

**द्रष्टव्यः गृह मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना अनुसूची खण्डमा संलग्न छ ।**

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (नेतृत्व निकाय): विषयगत क्षेत्र: स्वास्थ्य र पोषण

**सहयोगी निकाय:** WHO र UNICEF

**स्वास्थ्य सम्बन्धी पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- HEOC र PHEOC लाई क्रियाशीलय गराई समन्वयात्मक रुपमा कार्य गर्ने गराउने।
- Hospital Emergency Plan Update गर्ने गराउने।
- स्वास्थ्य संवद्द निकायको बैठक बसी पानीजन्य प्रकोप न्यूनीकरणको रणनीति तयार गर्ने।
- बाढी पहिरोबाट प्रभावित, पानीजन्य रोगका विरामी एवम् कोभिड-१९का संक्रमित पहिचान गर्ने।
- अस्पतालहरुमा कोभिड वाहेक अन्य विपद् प्रभावितलाई सम्बोधन गर्ने संयन्त्र सुदृढ वनाउने ।
- औषधी तथा औषधीजन्य सामग्री समयमै खरिद गरी मौज्दात राख्ने।
- एम्बुलेन्सको लागत तयार गर्ने।
- सम्भावित रोग हुने स्थान र व्यक्तिको निगरानी गर्ने।
- मनसुन एवम् कोभिड-१९को सन्दर्भलाई मध्यनजर राखी अत्यावश्यकीय अवस्था बाहेक स्वास्थ्यकर्मीले विदा वस्न नपाउने निर्देशन जारी गर्ने।
- First Responders लाई कोभिड-१९ भ्यक्सिनको व्यवस्था मिलाउने।
- उद्धारक र राहतकर्ता जनशक्ति र उद्धार गरिएका व्यक्तिहरुलाई कोभिड परीक्षण गरी उपयुक्त व्यवस्था गर्ने।

पोषण सम्बन्धी पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- पोषण क्लष्टरको बैठक आयोजना गरी बाढी, पहिरो एवम् पानीजन्य विपदहरुको जोखिम योजना तयार गर्ने।
- बाढी र पहिरोको जोखिमबाट विशेषगरी बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिलाहरुलाई बाढीको जोखिमबाट बचाउन तथा कु-पोषणको रोकथाम तथा उपचारको लागि आबश्यक पोषण सामाग्रीहरुको प्रयाप्त मौज्दात राख्ने। जस्तैः कडा शिघ्र कुपोषण को उपचारको लागि उपचारात्मक खाना - Ready to Use Therapeutic Food (RUTF) F100, F75 and rehydration solution (ReSoMal), कुपोषणको रोकथामको लागि परिपुरक खाना (Supplementary Foods (WSB+),MNP, Vitamin A, Deworming and IFA Tablets.
- संघ तथा प्रदेश तहका पोषण क्लस्टरका संस्था तथा व्यक्तिहरुको क्षमता वृद्धि गर्ने।
- गुनासो सुनुवाईको संयन्त्र निर्माण गर्ने।
- विभिन्न क्लाष्टरहरुसंग समन्वय गरी कार्य गर्ने जस्तैः खाध्य संरक्षण, स्वास्थ्य, संरक्षण, खानेपानी तथा सरसफाई।

स्वास्थ्य सम्बन्धी प्रतिकार्यका मुख्य क्रियाकलापहरु

- जनचेतना जागृत गर्ने।
- रेडियो, टिभी मार्फत सन्देशमुलक सूचना प्रवाह गर्ने ।
- केन्द्रदेखि स्थानीय तहसम्मका सबै स्वास्थ्य संस्थाबाट सुरक्षित तवरले WHO को मापदण्ड अनुसरण गरी कोभिड-१९ का विरामीलाई आईसोलेशनमा राखी उपचार गर्ने ।
- बाढी, पहिरो, डुवान पानीजन्य रोग एवम् कोभिड-१९को जोखिमयुक्त ठाउँमा औषधी पुर्याई उपचार गर्ने।
- विपदग्रस्त स्थानमा छिटो छरितो पठाउन व्यवस्था मिलाउने ।
- सम्भावित स्थानमा स्वास्थ्यकर्मीको परिचालन एवम् औषधीको पर्याप्त व्यवस्था।
- जोखिमयुक्त स्थानमा स्वास्थ्यकर्मीको अभाव हुन नदिने ।

पोषण सम्बन्धी प्रतिकार्यका मुख्य क्रियाकलापहरु

- संघ तथा प्रदेश तहका पोषण क्लस्टरका संस्था तथा व्यक्तिहरुको क्षमता वृद्धि गर्ने।
- गुनासो सुनुवाईको संयन्त्र निर्माण गर्ने।
- विभिन्न क्लाष्टरहरुसंग समन्वय गरी कार्य गर्ने जस्तैः खाध्य संरक्षण, स्वास्थ्य, संरक्षण, खानेपानी तथा सरसफाई।
- वर्षाको बेला तथा कोभिड-१९ महामारीसँग जुझ्न साबुन पानीको प्रयोग गरी सहि तरीकाले हात धुने व्यवस्था मिलाउने।
- जनचेतनामूलक समाग्रीको प्रचार प्रसार बढाउने।
- ७ओटै प्रदेशका पोषण क्लस्टरहरुलाई स्थानिय तह, स्थानिय स्वास्थ्य संस्थाहरु तथा महिला स्वास्थ्य स्वयं सेवकहरुलाई सरलिकृत तरिकाले ६-५९ महिनासम्मका बालबालिका हरुको पोषणको लेखाजोखागरि कडा तथा मध्यम शिघ्र कुपोषणको उपचारको लागि बहिरङ्ग पोषण सेवा लिन स्वास्थ्य संस्थामा पठाउने वा पोषण पुनर्स्थापना गृहमा भर्ना गरि उपचार गर्ने (लक्षः कढा शिघ्र कुपोषणः ५००० जना, मध्यम कुपोषणः १५,००० जना)।
- बाढी प्रभिता क्षेत्रका ६-२३ महिनाका १००,००० जना बालबालिकाहरु र ८५,००० जना गर्भवती तथा स्तनपान गराउने महिलाहरुलाई थप पोषिलो खानेकुराको वितरण गर्ने।
- पोषण सम्बन्धि अवरुद्ध संरचनाहरुलाई अद्यावधिक राख्न आवश्यक सामाग्रीहरुको सुनिश्चितता गर्ने।
- बाढी प्रभावित क्षेत्रका ६-५९ महिनाका ११५,००० जना बालबालिकाहरुलाई भिटामिन ए खुवाउने। सोहि क्षेत्रका १२-५९ महिना सम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने।
- बाढी प्रभावित क्षेत्रका गर्भवती (Antenatal) तथा उत्तर प्रशुती (Postnatal) महिलाहरुलाई स्वास्थ्य परिक्षण, पोषण परामर्श गर्दै नीति अनुसार आईरन तथा फोलिक एसिड वितरण गर्ने।
- समुदाय सुचना प्रणालिलाई ब्यबस्थित गर्दै प्रभाबित क्षेत्रका समुदायका मानिसहरुलाई प्रतिकार्यका क्रियाकलापहरुमा सहभागिताको सुनिस्चितता गर्ने।

स्वास्थ्य क्लष्टर:

लक्षित केस लोड: १००५००० जनसंख्या

सहयोगी निकाय: UNICEF

लक्षित वर्ग: बाढीबाट प्रभावित ५ बर्ष मुनिका बालबालिकाहरु गर्भवती तथा स्तनपान गराउने महिलाहरु

लक्षित क्षेत्र: मनसुनजन्य विपद बाट प्रभावित तराईका २३ जिल्लाहरु

अनुमानित जनसंख्याः ४,००,०००

अनुमानित लागत: अमेरिकि डलर ३५,००,०००

**द्रष्टव्यः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरु खण्डमा संलग्न गरिएको छ।**

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (नेतृत्व निकाय): विषयगत क्षेत्र: शीघ्र पुनर्लाभ सन्जाल**

**सहयोगी निकाय: UNDP**

**स्वास्थ्य सम्बन्धी पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरुलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्बन्धमा स्थानीय सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न लगाई अध्यावधिक गर्ने गराउने।
- मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम संचाल गर्ने।
- स्थानीय तहमा भएका बाढी, डुबान र पहिरो सम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रुपमा संचालन गर्न स्थानीय तहहरुलाई निर्देशन गर्ने।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशिल विकास साझेदार संघ-संस्था, गैर-सरकारी संघ-संस्थाहरुलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहहरुसँग समन्वय र सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउने।
- स्थानीय तह भएका सबै क्वारेण्टाईन स्थल, खुला क्षेत्र, सम्बन्धित आश्रयस्थल सम्बन्धि सूचना, लागत एकीकृत गर्ने र सो क्षेत्र व्यवस्थित गरी तयारी हालतमा राख्ने।
- स्थानीय समुदायमा मानविय सहायताको क्षेत्रमा कृयाशिल संघ-संस्थालाई तयारी अवस्थामा CBDRM Platform मार्फत अनुरोध गर्ने।
- विस्थापीतका लागि ७ दिन सम्म खाद्यान्न, सरसफाई र अस्थायी आवास तथा औषधोपचार मिलाउने।
- स्थानीय रोजगार/स्वरोजगार र कामका लागि नगद खाद्यान्न कार्यक्रम संचालन गर्ने (जिविकोपार्जन र आयआर्जनका अवसर सृजना गर्ने)।
- स्थानीय तहमा खोला, नाला, ढल विकास आदिको सरसफाई मर्मत सम्भार कार्य गर्ने।
- कोभिड-१९ को प्रभाव रहुन्जेलसम्म अवलम्बन गर्नुपर्ने सबै व्यक्तिगत, सामुदायिक, स्वास्थ्य सुरक्षा प्रबन्धको व्यवस्था गर्न मनसुन पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलाप संचालन गर्ने।सामुदायिक, आर्थिक, सामाजिक पूर्वाधारहरुको पुनर्स्थापना गर्ने।
- स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदाय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र समितिको क्रियाशिलताका लागि जिम्मेवारी बाँडफाँड र नियमित बैठक बस्ने व्यवस्था गर्ने।
- विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास गर्ने/गराउने।
- विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको लागि स्थानीय विपद् कोष स्थापना र कोषको अभिवृद्धि गर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सामाजिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले तोके बमोजिमको कार्य गर्ने गरेको, नगरेको अनुगमन गर्ने।
- स्थानीय स्तरमा आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना भएमा कार्यसंचालन गर्ने र नियमित रुपमा Reporting एवं Recording गर्ने व्यवस्था मिलाउने।
- विपद्को समयमा प्रयोग गर्नुपर्ने सर-सामानहरु जस्तैः लाईफ भेष्ट, डुङ्गा, Emergency Health Kit; वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्ने।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भए गरेका कार्यहरुको समिक्षा, अनुकरणीय कार्य मुल्याङ्कन (Best practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरी अभिलेख राख्ने।
- विपद परी हराएका, विग्रेका वा नष्ठ भएका कागजातहरुको यकीन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

**द्रष्टव्यः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- बाढी, डुवान, पहिरो तथा अन्य पानी जन्य विपद्का साथै कोभिड-१९ सँग जुध्न अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने तथा अक्सिजन उत्पादन गर्ने उद्योगको क्षमता विस्तारमा सहयोग गर्ने।
- पेट्रोलियम पदार्थहरू, एल.पी. ग्याँस, नुन तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यबस्थापन गर्ने।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको उचित मूल्यमा आपूर्ति व्यवस्था मिलाउने।
- औषधिजन्य सामग्री तथा खाद्य वस्तुको नियमित आपूर्तिको व्यबस्था मिलाउने।
- कालाबजारी हुन नदिन नियमित अनुगमन गर्ने।
- प्राधिकरण र खानी तथा भूगर्भ विभागसँगको सहकार्यमा पहिरोको पूर्व सूचना प्रणालीको सम्भाव्यताको खोजी गर्ने।

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद्को अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने तथा अक्सिजन उद्योगको क्षमता विस्तारमा आवश्यक समन्वय र सहयोग गर्ने।

**द्रष्टव्यः उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

## उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- तटबन्ध, लगायतका प्रभावकारी उपाय अपनाई बाढी र डुबानको जोखिम न्यूनीकरण गर्ने।
- सीमावर्ती क्षेत्रमा बनेका तटबन्ध र अरु संरचनाले मुख्य गरी तराई मधेसमा डुबानको समस्या आउन नदिन आवश्यक समन्वय गरि पूर्व तयारी गर्ने।
- जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा NDRRMA सँगको सहकार्यमा बाढी जन्य प्रकोपको असरमा आधारीत पूर्वानुमान गर्ने।

**जल तथा मौसम विज्ञान विभाग**

- तीन दिन अगावै मौसमको पूर्वानुमान बिहान र बेलुका ६ बजे बुलेटिन दैनिक रुपमा अपडेट गर्ने।
- बाढीको पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रुपमा बिहान ७ बजे अपडेट गर्ने।विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी गर्ने।
- बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय (राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गराउने।
- जारी भएको बुलेटिन तत्कालै यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np र www.mfd.gov.np मा राख्ने।
- तत्कालै सवै मन्त्रालय तथाविभाग साथै रेडक्रस लगायत अन्य विपद्को क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद् सम्पर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाउने।
- जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ तथा मौसम बुलेटिन Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा राख्ने।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाउने।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुन भर सञ्चालन गर्ने।
- मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ २४ सै घण्टा खुल्ला राखिनेछ।

**द्रष्टव्यः उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, (नेतृत्व निकाय): विषयगत क्षेत्र: खाद्य सुरक्षा**

**सहयोगी निकाय:** FAO and WFP

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- प्रतिकार्य कार्यान्वयन गर्ने साझेदार सँस्थाहरुहरु, खाद्य आपूर्तिकर्ताहरु र कृषि बीउविजन र पशु आहारा आपूर्तिकर्ता सँग सम्झौता, समझदारी, वार्तालाप र खरिद सम्वन्धि पूर्वतयारीका कार्यहरु गर्ने
- बजार क्रियाशिलता, बजार मूल्य, स्थानीय बजारमा खाद्यान्नको उपलब्धता र आपूर्ति श्रृखंला सम्बन्धी विभिन्न अध्ययन, सर्वेक्षण गरि सूचना तथा जानकारी अद्यावधिक गर्ने।
- खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ-संस्थासंगको बैठक बाट कार्ययोजना स्वीकृत र पूर्व तयारीका बैठक गर्ने।
- घटना घटि हालेमा पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने।
- Rapid Emergency Food Security and Vulnerability Assessment, Initial Rapid Assessment कार्यविधी तयार र अध्यावधिक गर्ने।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- पहिलो चरण: पहिलो महिना, यदि बाढीको तत्काल पछि बजारहरु क्रियाशिल÷सञ्चालनमा रहेको भए १ महिनाको लागी लक्षित जनसंख्याको लागी निशर्त बहुउद्देशिय नगद सहायता र यदि बजारहरु क्रियाशिल/सञ्चालनमा नरहेको भएमा शुरुवाती १० दिनको लागि खाद्यान्न सहायता र २० दिनको लागि नगद सहायता (बहुउद्देशिय नगदको रुपमा सामाजिक सहायता वितरण)।
- दोस्रो चरण: एक महिना पछि – खाद्य सुरक्षा, जीविकापार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद  गतिविधिहरु, बालीको मौसम अनुसार बाली बीउ वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न र बालीको सुरक्षित भण्डारणमा सहयोग र पशु तथा माछा स्वास्थ्य उपचार र मृत पशुपन्छीको व्यवस्थापन।

---

सहयोगी निकाय: FAO/WFP

लक्षित वर्ग: विस्थापित सीमान्तकृत, सामाजिक एवं आर्थिक रुपले पिछडिएका, विपन्न, जोखिममा परेका, संकटासन्न घरपरिवार

अनुमानित जनसंख्याः ५,७०, ०००

घर परिवार: १,१,०००

अनुमानित लागत: अमेरिकि डलर १,८३,००,०००

बजेटः कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आगामी आ.व. २०७८/७९ को वजेटमा आकष्मिक विपद्का कारण क्षति पुगेका कृषकहरुलाई राहतका लागि रु. ५ करोड र बाली तथा पशुपन्छी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउन रु. ३५ करोड रुपैया विनियोजन भएको छ।

**द्रष्टव्यः कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

**खानेपानी मन्त्रालय (नेतृत्व निकाय): विषयगत क्षेत्र-खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रबर्दन**

**सहयोगी निकाय:** UNICEF

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- खानेपानी तथा सर-सफाईको क्लष्टरको बैठक आयोजना गरी बाढी, पहिरो एवम् पानीजन्य विपदहरुको जोखिमको नक्साङ्कन गर्ने।
- सरसफाई र शुद्ध पानीको जनचेतना अभिवृद्धि गर्ने।
- बाढी र पहिरोको जोखिमबाट Land Fill Site सुरक्षित गर्न आवश्यक तयारी गर्ने।
- बाढी र पहिरोको जोखिमबाट क्षतिग्रस्त हुने सम्भावनालाई मध्यनजर गरी बैकल्पिक Land Fill Site पहिचान गर्ने।
- खानेपानीका लागि अति आवश्यक पाईप लगायतका फिटिङ सामाग्रीको पर्याप्त मौज्दात राख्ने।
- महिनावारी स्वास्थ्यसँग सम्बन्धित आवश्यक किटको प्रवन्ध गर्ने।
- गुनासो सुनुवाईको संयन्त्र निर्माण गर्ने।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी सम्बद्ध क्षेत्रमा समन्वय गरी कार्य गर्ने।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- वर्षाको बेला तथा कोभिड-१९ महामारीसँग जुझ्न साबुन पानीको प्रयोग गरी सहि तरीकाले हात धुने व्यवस्था मिलाउने।
- जनचेतनामूलक समाग्रीको प्रचार प्रसार बढाउने।
- बाढी, डुबान र पहिरो जोखिम बस्तीहरुमा चुनहरु छर्कने र Disinfect गर्ने।
- Evacuation Shelter हरुमा Wash खानेपानी, चर्पी र हातधुने व्यवस्था गर्ने।
- खानेपानी तथा सर-सफाई व्यवस्थापनलाई चुस्त राख्न आवश्यक मर्मत सम्भार गर्ने।
- बाढी र पहिरो प्रभावित क्षेत्रमा पानी शुद्धिकरण गर्नको लागि क्लोरिनको वितरण गर्ने।
- डुबानको बेला पानीलाई कसरी पिउन योग्य बनाउने भन्ने सीप विकासमा जोड दिने।
- खानेपानी तथा सरसफाईका अवरुद्ध संरचनाहरुलाई अद्यावधिक राख्न आवश्यक सामाग्रीहरुको सुनिश्चितता गर्ने।
- महिनावारीमा प्रयोग हुने स्वास्थ्यसँग सम्बन्धित किटहरुलाई सुनिश्चितता गर्ने।

---

सहयोगी निकाय: UNICEF

लक्षित वर्ग:

विस्थापित सीमान्तकृत, सामाजिक एवं आर्थिक रुपले पिछडिएका , विपन्न, जोखिममा परेका, संकटासन्न घरपरिवार

अनुमानित जनसंख्याः

३५००० खानेपानी, सरसफाइ तथा स्वास्थ्य  प्रवर्धनका लागि

६५०००० स्वच्छता प्रवर्धनका लागि

अनुमानित लागत: अमेरिकि डलर  ५,८०,०००

## परराष्ट्र मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद्को समयसमा आवश्यक भएमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने।
- विपद् जोखिम न्यूनीकरणका लागि अन्तरदेशीय समन्वय गर्ने ।
- राहत एवं उद्दार सामाग्री ल्याउने वायुसेवालाई उडान अवतरण अनुमति, भन्सारमा सहजीकरण र उद्धारकर्तालाई परराष्ट्र मन्त्रालयले तत्काल भीसा प्रदान गर्ने।
- मित्रराष्ट्र वा नेपालस्थित विदेशी नियोगबाट प्राप्त राहत सामाग्रीमा महसूल छूटको लागि भंसार विभागलाई सिफारिस गर्ने।
- विदेशमा संकलित राहत समाग्री र रकम नेपाल ल्याउन सहजिकरण गर्ने।
- विपद्मा परेका विदेशी नागरिकको अवस्था, घाइते वा मृत्युको जानकारी सम्बन्धित मुलुकलाई दिने।
- तराईका क्षेत्रमा भारतीय वाँधले हुने डुवानको समस्या समाधानमा कुटनीतिक पहल गर्ने ।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (नेतृत्व निकाय): विषयगत क्षेत्र: शिक्षा

**सहयोगी निकाय:** Save the Children/ UNICEF

**जम्मा केश लोड: २२००००**

**लक्षित केश लोड: १०००००**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- Emergency Safe Shelters तथा कोभिड-१९ को लागि क्वारेण्टाईन प्रयोग गर्ने प्रयोजनको लागि ७७ वटै जिल्लाहरुमा भएका विद्यालयको नक्साङ्कन (Geo-Referenced Mapping) NDRRMA लाई उपलब्ध गराउने।
- कोभिड-१९ ले विद्यालय बन्द भए पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीको सहभागितामा विपद्का सम्भावित जोखिम र सोको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन लगाउने ।
- संघ, प्रदेश, जिल्ला र स्थानीय स्तरका शिक्षा समुह (Education Cluster) का सदस्यहरुसँग प्रभावकारी समन्वय, जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने।

**द्रष्टव्यः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- वर्षायाममा देशभरका कतिपय सडक बाढी, पहिरोले भत्किन्छ वा पुरिन्छ, यस्तो अवस्थामा जतिसक्दो चाँडो अवरोध पन्छाएर सडक सचारु गराउने कार्यलाई सडक विभागले मुख्य प्राथमिकतामा राख्ने।
- डोजर लगायत हेभि इक्विपमेन्टको विवरण तयारी अवस्थामा Strategic Location मा राख्ने ।
- आपूर्तिका मुख्य बाटाहरु र रणनीतिक मार्गहरुमा वेलीव्रिज लगायतका सामाग्री सहित तैनाथी गर्ने र तुरुन्त संचालनमा ल्याउने व्यवस्था मिलाउने ।
- सडकहरु चालु रहे नरहेको सम्बन्धमा विवरण अध्यावधिक गरी सूचना प्रवाहको ब्यवस्था मिलाउने ।
- सडक विभाग मार्फत ८७ वटा रणनीतिक स्थानमा तथा ११८ वटा कार्यालयमा अत्यावश्यक मेसिन सामग्री तथा जनशक्ति Stand By राखिएको ।
- सडक अवरुद्ध भएको ३० मिनेट भित्र खुलाउन शुरु गर्ने गरि तयारी भएको ।
- वेलिव्रिजहरु पनि आवश्यकताअनुसार प्रयोग हुने ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (नेतृत्व निकाय): विषयगत क्षेत्र: संरक्षण**

**सहयोगी निकाय:** Save the Children/UNICEF

**जम्मा केश लोड: ४६४१००**

**लक्षित केश लोड: २३२०५०**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद्को समयमाविशेष आवश्यकता रहने बालबालिका, महिला (सुत्केरी, गर्भवती) तथा किशोरी, अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकको आवश्यकता पुरा गर्नका लागि आवश्यक सामग्री भण्डारण।
- संरक्षण सम्बन्धि सेवा प्रदायकहरु तथा समुदाय स्तरका प्रतिकार्यमा संलग्न व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने।
- संरक्षण विषयगत क्षेत्रको Contingency Plan पुनरावलोकन तथा परिमार्जन तथा सबै प्रदेश तहमा संरक्षण विषयगत क्षेत्र कार्यसमूहको बैठकहरु नियमित गर्ने।
- संरक्षण अनुगमन विधि तथा औजारहरुको व्यापक प्रर्वदन तथा निरन्तरता दिने।
- गैर सरकारी संस्थालाई विपद् मुखि कार्यक्रममा सहजिकरण गर्न निर्देशन गर्ने।

**मनसुनको कारण जोखिममा पर्ने बालबालिकाको संरक्षणको पूर्वतयारी कार्यः**

- सचेतना अभियानः मनसुन बाट हुने धनजनको क्षति र त्यसबाट पर्ने बालबालिकामाथिको नकारात्मक प्रभाव न्यूनीकरण तथा रोकथामका लागि राष्ट्रिय बाल अधिकार परिषद्ले पूर्वतयारी तथा मनसुनपश्चात हुनसक्ने जोखिम र त्यसबाटबालबालिको संरक्षणका लागि आवश्यक सूचना तथा प्रचारप्रसार सामग्री निर्माण गरी विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरुबाट सचेतना अभिबृद्धि कार्य सञ्चालन गर्ने।
- मनसुनको कारण जोखिममा पर्न सक्ने स्थानहरुको पहिचान र नक्साङ्कनः मनसुनका कारण उत्पन्न हुनसक्ने बाढी पहिरो तथा डुबानको सम्स्याबाट बालबालिको संरक्षणको लागि त्यस्ता सम्भावित जोखिमका स्थानहरु जस्तै पहिरोको जोखिम भएका पहाडी वस्तिहरु र डुबानको जोखिम भएका तराइका स्थानहरुको पहिचान तथा नक्साङ्कन गर्ने।यसका लागि परिषद् अन्तर्गतको बाल संरक्षण प्रणाली तथा स्वयमसेवक समूहहरु निर्माण गरी परिचालन गर्ने।
- मनसुनको कारण जोखिममा परेका बालबालिकाको पहिचानः मनसुनका कारण जोखिममा परेका बालबालिकाको पहिचान कार्यका लागि बाल हेल्पलाइन १०९८ नेपाल, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, स्वयमसेवी समूहको परिचालन गर्ने।सम्बन्धित स्थानीय तहमा बालबालिका जोखिममा परेमा जुनसुकैले तत्काल सम्पर्क र समन्वयका लागि राष्ट्रिय बाल अधिकार परिषदमा पोकल पर्सन तोक्ने, बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन सेवा १०९८ मा तत्काल सम्पर्क गर्नका लागि सार्वजनिक सूचना जारी गरी त्यस्ता बालबालिकाको पहिचान गर्ने।

**मनसुनका कारण पीडित तथा प्रभावित बालबालिका लाक्षित सयहयोग कार्यः**

- बालबालिकाको आपत्कालिन उद्धार, अस्थायी संरक्षणर व्यवस्थापनः जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार गर्नुपर्ने भएमा बाल संरक्षण प्रणालीमार्फत उद्धार, संरक्षण र अस्थायी व्यवस्थापन कार्य गर्ने।
- बालबालिका लक्षित राहत सहयोगः मनसुनका कारण घर तथा सामग्रीहरुको क्षति भइ बालबालिकाको पालनपोषण तथा संरक्षणका लागि अप्ठ्यारो परिस्थिति आएमा त्यस्ता परिवारमा आश्रीत बालबालिका लक्षित खाद्यान्न सामग्री, लत्ता कपडा तथा शैक्षिक सामग्री सहयोग गर्ने।

**मनोविमर्श तथा संरक्षण कार्यः**

- बालबालिकालाई मनोविमर्श सेवाः आवश्यकता अनुसार मनोविमर्श सेवा प्रदान गर्ने।
- बालबालिकाको तत्काल उद्धार पछि अस्थायी संरक्षणको लागि स्थान व्यवस्थापन गर्ने।मनसुनको कारण पर्न सक्ने जोखिमबाट बालबालिकाको संरक्षणका लागि अस्थायी संरक्षण सेवा प्रदायक संस्थाहरुमा स्थान सुरक्षित गर्ने।
- मनसुनको कारण बालबालिकाले अभिभावकत्व गुमाएमा त्यस्ता बालबालिकालाई तत्काल संरक्षण व्यवस्थापन गर्ने।

**सार्वजनिक जानकारी, समन्वय तथा अभिलेखीकरण कार्यः**

- समन्वय र सहकार्यः प्रदेश सरकार, स्थानीय तह, विभिन्न नागरिक संगठन तथा सञ्जाल, विकासका साझेदार तथा अन्य सेवा प्रदायक निकायहरुसँग समन्वय र सहकार्य गरी मनसुनबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण तथा व्यवस्थापन कार्य गर्ने ।सम्बन्धित स्थानीय तहमा अस्थायी बालमैत्री सिकाइ तथा संरक्षण केन्द्रको सञ्चालनका लागि स्थानीय तहहरुलाई पत्राचार गर्ने ।
- सार्वजनिक जानकारीः मनसुनको समयमा बालबालिकालाई सुरक्षित राख्न, अनावश्यक जोखिम क्षेत्रमा नलैजान तथा बालबालिका विरुद्ध हुन सक्ने हिंसा तथा दुर्व्यवहारको बारेमा सार्वजनिक जानकारी जारी गर्ने ।
- अभिलेखीकरणः मनसुनको कारण जोखिममा परेका बालबालिका, सहयोग वितरण लगायतका कार्यहरुको अभिलेखीकरण तथा सार्वजनिकीकरण गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**

- संघीय तथा प्रदेशस्तरमा संरक्षणका सवालहरु विशेषगरी मानसिक स्वास्थ्य र मनोसामाजिक सवालहरु, लैङ्गिक हिंसा, परिवारसँगको विछोड, बाबुआमाको स्याहार नपाएका वालवालिकाहरुको आवश्यकतार बृद्धबृद्धाहरु, अपाङ्गता भएका व्यक्तिहरु, प्रवासी कामदारहरुको सेवाको निरन्तरता तथा पहुँच सुनिश्चित गर्ने ।
- विपद्को समयमाविशेष आवश्यकता रहने बालबालिका, महिला (सुत्केरी, गर्भवती) तथा किशोरीहरुलाई आवश्यक सामग्री (Dignity Kits, Recreation Kits, etc) हरुको वितरण महिलातथावालवालिका मैत्रि स्थलमार्फत गर्ने ।
- महिला (लैङ्गिक हिंसा, घरेलु हिंसा जस्ता हानीकारक प्रथा), वालवालिका, प्रवासी, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, शरणार्थीहरुलाई हुनसक्ने विपद्को जोखिमबाट संरक्षण गर्ने सूचनातथा सञ्चार सामग्री तयार र सहयोगकालागि नेपालका हटलाईन सेवासहितका हेल्पलाईनको प्रयोगलाई प्रर्वधन गर्ने ।
- विपद् बाट प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिकविमर्श सेवाप्रदानगर्न स्वास्थ्यविषयगत क्षेत्र संग समन्वयगर्ने तथा तालिम प्राप्त मनोसामाजिक विमर्शकर्ता तथा सामुदायीक मनोसामाजिक परामर्शकर्ता को परिचालन गर्ने ।
- वन्दावन्दी लागू गरिएका क्षेत्रसहित विपद प्रभावित क्षेत्रहरुमा मानव अधिकारको सुनिश्चित गर्नको लागि सुरक्षा फौजसँग समन्वयगर्ने र वाल संरक्षणर लैङ्गिक हिंसा पिडितलाई दिईने सेवाहरु कानून कार्यान्वयनको शिलशिलामा सक्रिय रहने सुनिश्चित गर्ने ।

**द्रष्टव्यः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ ।**

## रक्षा मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार, र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनालाई तयारी अवस्थामा राख्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार, र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनाको घटना लगत्तै खटाएर जिउ धनको रक्षा गर्ने ।

## वन तथा वातावरण मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू -क्षय नियन्त्रण कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू तथा जलाधार संरक्षण सम्बन्धि चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।

**सञ्चार तथा सूचना मन्त्रालय (नेतृत्व निकाय): विषयगत क्षेत्र: आपतकालीन संचार**

**सहयोगी निकाय: WFP**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- बाढी, पहिरो तथा पानीजन्य अन्य विपद् सम्बन्धी सचेतनाका संचार सामाग्री बनाई विभिन्न सञ्चारका माध्यम मार्फत विभिन्न भाषामा प्रचार प्रसार गर्ने।
- बाढी, डुबान, पहिरो (सम्भव भएसम्म) पूर्व सूचना प्रणालीका लागि दुरसञ्चार सेवा प्रदायक संस्था मार्फत कोभिड-१९ लगायत बाढी पहिरो सम्बन्धी सचेतना SMS सम्प्रेषण गर्ने ।
- यसैगरी बाढी, डुबान पहिरो लगायत विपदको सूचना Caller Back Ringtone मार्फत जानकारी गराउने

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विभिन्न विपद् बारे विभिन्न माध्यमबाट जीवन बचाउन र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरु प्रचारप्रसार गर्ने।
- बाढी वा डुवानको कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशिघ्र पुनर्सञ्चालन गर्न पठाइहाल्ने।

**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- मनसुनको समयमा हुन सक्ने कोभिड-१९ को संक्रमणमा बृद्धि, देशका भू-भागहरूमा बाढी, डुवान, पहिरो, हिमपहिरो लगायतका सम्भावित विपद्को अवस्थामा तत्काल उद्दार गर्न नेपाल वायुसेवा निगम तथा निजी कम्पनीका जहाज तथा हेलिकप्टर परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने।
- मनसुनको समयमा समेत आवश्यकता अनुसार जहाज तथा हेलकप्टर उडान र अवतरण गर्न सकिने गरी विमानस्थलहरू सञ्चालन भएको हुने।
- पदमार्गमा रहेका पर्यटकहरुलाई पूर्व सूचना उपलब्ध गराउने, उद्धार, राहतका कार्यहरु गर्ने गराउने।

**द्रष्टव्यः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

## मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा सुरक्षा निकायको जिम्मेवारी

**नेपाली सेना**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- नेपाली सेना मातहत जिल्लामा तैनाथ युनिटमा, सिनियर अधिकृतलाई Disaster Focal Person तोक्ने ।
- विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री तथा औजारको व्यवस्था मिलाउने।
- म्भावित विपदको प्रकृति अनुरुप स्व्याण्डबाई फौजलाई श्रोत, साधन सीपयुक्त बनाउने।
- प्राकृतिक जोखिमको अनुगमन विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताका लागि उपयुक्त हुने खालका जानकारीमुलक विपद् व्यवस्थापन सम्बन्धी सूचना सामाजिक सञ्जालमा राख्ने।
- विपद्का घट्नाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश विपद व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिहरुसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य गर्ने।
- खोज तथा उद्दार कार्यको लागि आवश्यक दक्ष जनशक्ति स्वास्थ्यकर्मी तथा सामाग्रीहरु तयारी हालतमा राख्ने।
- हेलिकप्टरहरुलाई असार दोस्रो साताभित्र श्री पुर्वी पृतना हेडक्वाटर, इटहरी, भरतपुर चितवन, श्री पश्चिम एयर वेश सुर्खेत र श्री मध्य एयर वेश काठमाण्डौमा खोज तथा उद्धार टोली सहित तयारी अवस्थामा राख्ने।

**Covid -19 Pandemic को आवश्यक तयारी**

- बाढी तथा डुबानबाट उच्च जोखिममा रहेका क्षेत्रको पहिचान गरी Monsoon अगावै स्थानियहरुलाई सुरक्षित स्थानमा कम संख्यामा स्थानान्तरण शुरु गर्नु पर्ने।
- उद्दार टोलीहरु अत्यावश्यक र थोरै नफ्रिमा खटाउने।
- उद्दार टोलीहरुले प्रयोग गर्ने Rescue PPE Sharing गर्दा अझ जोखिम हुने हुदा आवश्यक मात्रामा Rescue PPE हरु तयारी राख्ने।
- Victim लाई उद्दार गर्दा प्रयोग हुने PPE/Rubber Boat तथा उपकरणहरु Disinfect गर्न आवश्यक पर्ने सामाग्रीहरु तयारी राख्ने।
- Victim को लागि आवश्यक पर्ने Mask तथा Pandemic PPE हरु आवश्यकता अनुसार तयारी राख्ने।
- रेस्क्यु गर्दा Physical Touch गर्नु पर्ने हुदा आवश्यक Pandemic PPE स्टोर गर्ने र तयारी अवस्थामा राख्ने।
- कोभिड 19 बाट संक्रमित रहेका जिल्लाहरुको विवरण संकलन गर्ने र जोखिममा रहेका जिल्लाहरुमा उद्दार गर्दा पुर्ण रुपमा सुरक्षित हुन Pandemic PPE को प्रयोग गर्ने र स्वास्थ्य सामग्री तथा औषधीहरुको उचित व्यवस्थापन गर्ने।
- COVID-19 संकास्पद बिरामीहरुको उद्दारको लागि एम्बुलेन्स तथा अन्य आवश्यक उपकरण सहित उद्दार कार्यमा खट्दिा प्रयोग गरिएका Disposal गर्नु पर्ने PPE हरु Safe Disposal को लागि आवश्यक तयारी गर्ने।
- COVID-19 विरुद्ध निरन्तर रुपमा विभिन्न क्षेत्रहरुको पहिचान गर्दै र हाल भईरहेको व्यवस्थालाई मध्यनजर गरी विश्लेषण गर्दै जाने र नयाँ योजना बनाउँदै जाने।
- Social Distance कायम गर्ने।
- उद्दार कार्यको लागि Normal स्ट्रेचरको बदला Covid बाट Contaminate नहुने किसिमको स्ट्रेचरको व्यवस्था गर्ने।
- यदि Victim COVID-19 को बिरामी भन्ने पुष्टि भएमा Disinfection को तालिम प्राप्त व्यक्तिले Victim र Victim रहेको घर वरिपरि Disinfect गर्ने तथा आवश्यक सतर्कताका साथ रेस्क्यु गर्ने।

**द्रष्टव्यः नेपाली सेनाबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरु खण्डमा संलग्न गरिएको**

**नेपाल प्रहरी**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- प्रकोपजन्य घटनाहरुको सूचना संकलनका लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने आवश्यक दक्ष जनशक्तिहरु तयार हालतमा राख्ने जनशक्तिलाई उपलब्ध उद्धार सामग्रीहरु तथा व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग आदि सम्बन्धी प्रशिक्षण दिने।
- प्रदेशभित्र रहेका सरकारी/गैरसरकारी निकायहरुको विवरण र स्थानीय तहमा वडा स्तरसम्म जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने।
- सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्दार सामग्री सहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी हालतमा राख्ने।
- सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउने प्रदेश, जिल्ला र स्थानीय विपद व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने।
- Contingency plan तयार गरी उद्दार टोलीलाई समय समयमा Dry Practice गराउने।

**द्रष्टव्यः नेपाल प्रहरी बाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

**सशस्त्र प्रहरी बल**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद् व्यवस्थापन तालिम निरन्तर रुपमा संचालन गर्ने।
- सशस्त्र प्रहरी बल,नेपालका सबै कार्यालयहरूमा खोज तथा उद्धारका आधारभूत उपकरणहरू सहित उद्धार टोली Stand By राख्ने।
- उपलब्ध विपद् उद्धारका आधुनिक सामाग्रीहरुको प्रदेशगत रुपमा प्रदेश स्तरीय विपद् उद्धार टिमले प्रयोग गर्ने गरी तयारी हालतमा राख्ने।
- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न इकाईहरुमा गैह्र खाद्य राहत सामाग्रीहरु (लत्ताकपडा, पाल,त्रिपाल ब्लाङ्केट, जस्तापाता आदि) भण्डारण गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई समय समयमा खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्ने।
- मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्मा प्रभावकारी कार्य सम्पादनको लागि सरोकारवाला निकायहरु बीच समन्वय गर्ने।
- प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रहरु तथा जिल्ला आपतकालीन कार्य संचालन केन्द्रहरुमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरु परिचालन गर्ने।
- नेपाल ए.पि.एफ अस्पतालमा विपद्को समयमा घाईतेहरुको प्रभावकारी उपचार व्यवस्था मिलाउन विभिन्न पूर्व तयारीका कार्यक्रमहरु सहित आवश्यक तयारी गर्ने।
- विपद् उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका ईकाइहरुले मनसुन शुरु हुनु पूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी कार्य गर्ने।
- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न यूनिटहरुमा रहेका हेभि ईक्यूपमेन्टहरु तयारी हालतमा राख्ने।
- उद्दार सामाग्रीहरुको खरिद गरी आवश्यक स्थानहरुमा पठाउन तयार गर्ने।
- प्रत्येक यूनिटमा विपद् उद्दार टोली उपलब्ध उद्धार सामाग्रीहरु सहित Stand By राख्ने।
- जल तथा मौसम विज्ञान विभाग, जल विज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखाबाट प्रकाशित हुने बाढी सम्बन्धी बुलेटिन सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरुमा आवश्यक तयारी गर्ने।

**द्रष्टव्यः सशस्त्र प्रहरी बल बाट प्राप्त विस्तृत कार्ययोजना खण्ड २ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

**नेपाल दुरसञ्चार प्राधिकरण**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- बाढी, पहिरोको कारण टेलिफोन टावरहरुमा क्षति पुगेमा सञ्चार व्यवस्थाका लागि मोबाइल टावरको व्यवस्था गर्ने।

## मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा अन्य निकायको जिम्मेवारी

**नेपाल रेडक्रस सोसाईटी**

### पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- विपद् प्रतिकार्य पूर्वतयारीकालागि नेपाल रेडक्रस सोसाईटीका ७७ वटै जिल्लाशाखाहरुलाइ सचेत (अलर्ट) पत्र पठाउने।
- नेपाल रेडक्रस सोसाईटीका जिल्ला शाखाहरुमा रहेका बिषयगत दक्ष जनशक्तिहरुको बिवरण अधावधीक गरि आवश्यकता अनुसार जिल्लाहरुमा घट्ने विपद्का घट्नाहरुमा परिचालन गर्नसक्नेगरि तयारी अवस्थामा रहन सहजिकरण गर्ने।
- द्रुत÷विस्तृत (IRA/Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य बिश्लेषण र राहत व्यवस्थापन गर्ने।
- उपलब्ध स्रोतसाधन (आवास, खानेपानी÷सरसफाई, गैरखाद्यय, स्वास्थ्य, सामाग्रीहरुको) गोदामघरहरुमा पूर्वतयारी अवस्थामा भण्डारण गर्ने।
- आपत्कालिन कार्यसंचालन केन्द्रलाई मनसुन तथा कोभिड–१९ पूर्वतयारी र प्रतिकार्यको समन्वय लागि संचालनमा ल्याउने।
- स्रोत व्यवस्थापनमा सहजिकरणका लागि रेडक्रस अभियानका अंगहरु (रेडक्रस महासंघ, रेडक्रसको अन्र्तराट्रिय समिति र राष्ट्रिय सोसाईटीहरु) संग समन्वय एवं अनुरोध गर्ने।
- सोसाईका प्रदेश तथा जिल्ला शाखाहरुको अगुवाईमा स्थानिय सरकारी तथा सूरक्षा निकायहरुमा प्रभावकारी समन्वयका लागी केन्द्रबाट सहजिकरण गर्ने।
- जल तथा मौसम बिज्ञान विभाग तथा प्राधिकरणबाट प्राप्त सूचना, सन्देश तथा श्रव्य दृश्य सामाग्रीहरु रेडक्रसका अंग तथा सञ्जालमा सम्प्रेषण गर्ने।
- मनसुन सम्बन्धि क्षतिको बिबरण, प्रभाव र आवश्यकता समेटिएको दैनिक तथ्यांकीय प्रतिबेदन तथा बुलेटिन तयारी, प्रकाशन र प्रशारण गर्ने।

**द्रष्टव्यः नेपाल रेडक्रस सोसाईटीबाट प्राप्त विस्तृत कार्ययोजना खण्ड२ अनुसूचीहरुमा संलग्न गरिएको छ।**

# प्रदेशमा मनसुनजन्य विपद्को अवस्था र त्यसको पूर्वतयारी


## प्रदेश नं १

प्रदेश नं १ मा गत वर्ष जम्मा २० वटा बाढीका घटना भएका र क्रमशः झापा, मोरङ, सुनसरी र पाँचथर जिल्लामा बढी घटना घटेको देखिन्छ ।संखुवासभा, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, पाँचथर, भोजपुरमा पहिरोको धेरै घटना भएको देखियो ।पोहोर मात्र यस प्रदेशका १४ जिल्ला मध्य १३ जिल्लामा ८३ वटा पहिरोको घटना भएको देखिन्छ ।गत वर्ष ५२ वटा भारी वर्षाका घटनले १२ वटा जिल्ला प्रभावित भएका थिए।२०७७ सालमा प्रदेश नं १ मा  बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्बन्धी घटनाहरु तथा क्षतिको विवरण अनुसूची खण्डमा प्रस्तुत गरिएको छ ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक जनशक्ति, स्वास्थ पुर्वाधार संख्या अद्यावधि गरिएको छ ।यसको विस्तृत विवरण अनुसूची खण्डमा समावेश गरिएको छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु.२ करोड ५० लाख मौज्दात रहेको छ। यस वर्षको मनसुन आपत्कालिन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्लाहरुको विपद् व्यवस्थापन कोषमा कुल रु. ७५,४४२,९११ रकम मौज्दात छ ।जिल्ला विवरण तल तालिका ७ मा समावेश गरिएको छ ।यस्तै प्रदेशमा मुख्यमन्त्री आपत्कालीन सहायता केन्द्र १२ जिल्लामा संचालन गरिएको छ ।यस्तो केन्द्र २ वटा जिल्लामा पनि खोल्ने तयारी भैरहेको छ।

**तालिका ७: विपद व्यवस्थापन कोषमा रहेको जिल्लागत मौज्दात रकम (प्रदेश नं १)**

| क्र स | जिल्ला | रकम |
|---|---|---|
| १ | इलाम | ९८,४८,४४३ |
| २ | उदयपुर | १६,०१,५७२ |
| ३ | ओखलढुंगा | ७८,५४,६८५ |
| ४ | खोटाँग | ५,८१,५०० |
| ५ | झापा | १,७५,७१,७०० |
| ६ | ताप्लेजुंग | ३६,५९,००० |
| ७ | तेह्रथुम | ९,७४,४८८ |
| ८ | धनकुटा | १२,४१,९३० |
| ९ | पांचथर | ३,९२,३७७ |
| १० | भोजपुर | ५,०७,७४७ |
| ११ | मोरंग | १,७१,८५,९८० |
| १२ | संखुवासभा | २३,११,३०० |
| १३ | सुनसरी | १,००,२५,००० |
| १४ | सोलुखुम्बू | १६,८७,१९० |
| जम्मा | | ७,५४,४२,९१२ |




*चित्र ३३: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम*


## प्रदेश नं २

प्रदेश नं २ मागत वर्ष का रौतहट, सर्लाही, धनुषा, सिराहा र सप्तरमा ५ वटा ठूलो बाढीका घटना भएको छ ।पहिरोको तथ्याङ्क हेर्दा महोत्तरीमा एउटा पहिरोको घटना भएको देखिन्छ ।गत वर्ष ९८ वटा भारी वर्षाका घटनाले यो प्रदेशका ८ जिल्ला प्रभावित भए ।त्यसैगरी गत वर्षको सर्पदंश , चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्वन्धी क्रमशः ११, ३५, ६०५, २३ र ३० वटा घटना भए ।विपद्का सबै घटनाले कुल रु. ३०,४५,१४,३५० भन्दा बढी प्रत्यक्ष क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।२०७७ सालमा प्रदेश नं २ अन्तर्गत बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्बन्धी घटनाहरू तथा त्यसबाट पुगेको क्षतिको विस्तृत बिवरण अनुसूची खण्डमा प्रस्तुत गरिएको छ ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति तथा स्वास्थ पुर्वाधारको संख्या अद्यावधि गरिएको छ ।यसको विस्तृत विवरण अनुसूची खण्डमा समावेश गरिएको छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु.३ करोड मौज्दात रहेको छ। यस वर्षको मनसुन आपत्कालिन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि यो प्रदेशमा पर्ने जिल्लाहरूको विपद् व्यवस्थापन कोषमा कुल रु.४५,६९,०९,४७९ रकम मौज्दात छ । जिल्लागत मौज्दात रकम तल तालिका ८ मा समावेश गरिएको छ।

**तालिका ८: विपद व्यवस्थापन कोषमा रहेको मौज्दात रकम (प्रदेश नं २)**

| क्र स | जिल्ला | जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम |
|---|---|---|
| १ | धनुसा | ४७,९२,१३२ |
| २ | पार्सा | १,६७,८५,०३५ |
| ३ | बारा | १,०६,६१,२३१ |
| ४ | महोत्तरी | ३,०५,९८,७२९ |
| ५ | रौतहट | १७,६५,४५,०३२ |
| ६ | सप्तरी | १६,६१,३६,७९० |
| ७ | सरलाही | ४,२३,४६,७५८ |
| ८ | सिराहा | ९०,४३,७७२ |
| जम्मा | | ४५,६९,०९,४८० |




*चित्र ३४: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम*


## बाग्मती प्रदेश

बाग्मती प्रदेशमा गत वर्ष जम्मा १९ वटा बाढीका घटना भयो ।दोलखा, भक्तपुर, काठमाडौँ, काभ्रेपलान्चोक, नुवाकोट, रसुवा जिल्लामा बाढीका घटना धेरै भए ।पहिरोको तथ्याङ्क हेर्दा सिन्धुपाल्चोक, मकवानपुर, ललितपुर, दोलखा र सिन्धुली धेरै घटना भए। यस प्रदेशका १३ जिल्ला मध्य गत वर्ष १२ जिल्लामा ८२ वटा पहिरोको घटना भएको देखिन्छ ।गत वर्ष ३१ वटा भारी वर्षाका घटनाले ११ वटा जिल्ला प्रभावित भए ।भारी वर्षाबाट ललितपुर, रामेछाप, भक्तपुर, सिन्धुपाल्चोक, चितवन र मकवानपुर बढी प्रभावित भएका थिए ।त्यसैगरी चट्याङ, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्बन्धी क्रमशः २८, ३०७, ९ र ४१ वटा घटना भए ।यसमा रु. ३२,२०,७२,६४० बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।२०७७ सालमा वाग्मती प्रदेशमा भएकाबाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावा हुरी र जनावर आतङ्क सम्बन्धी घटनाहरु र क्षतिको विवरण अनुसूची खण्डमा छ ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ्य पूर्वाधार संख्या अद्यावधि गरिएको छ ।यसको विस्तृत विवरण अनुसूची खण्डमा समाविष्ट छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु.६ करोड मौज्दात रहेको छ। यस वर्षको मनसुन आपत्कालिन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश भित्रका जिल्लाहरुको विपद् व्यवस्थापन कोषमा रु.२६,१९,८१,३५८ रकम मौज्दात रहेको छ ।जिल्लागत मौज्दात रकम को विवरण तालिका ९ मा समावेश गरिएको छ।

तालिका ९: विपद व्यवस्थापन कोष (बागमती प्रदेश)

| क्र स | जिल्ला | रकम |
|---|---|---|
| १ | काठमाडौं | १,९०,४८,७९४ |
| २ | काभ्रेपालानचोक | २,१७,०१,७५१ |
| ३ | चितवन | २९,२६,००० |
| ४ | दोलखा | ७,०५,००० |
| ५ | धादिदंग | १५,१५,२६,५२३ |
| ६ | नुवाकोट | १,१२,३२० |
| ७ | भक्तपुर | १८,००,००० |
| ८ | मकवानपुर | १४,१८,८९० |
| ९ | रसुवा | ११,७२,६२२ |
| १० | रामेछाप | ५,३७,६१० |
| ११ | ललितपुर | ५,३६,२५,२४६ |
| १२ | सिन्धुली | ८,०४,००० |
| १३ | सिन्धुपाल्चोक | ६६,०२,६०३ |
| जम्मा | | २६,१९,८१,३५९ |




*चित्र ३५: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम*


## गण्डकी प्रदेश

यस प्रदेशमा बागलुङ, गोरखा, कास्की, मुस्ताङ, म्याग्दी र नवलपुर जिल्लामा जम्मा ११ वटा बाढीका घटना भएको थियो ।त्यसैगरी बागलुङ, गोरखा, कास्की, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, नवलपुर, पर्वत, स्याङ्जा र तनहुँ जिल्लामा पहिरोको घटना भएको देखिन्छ ।गत वर्ष यस प्रदेशका ११ जिल्लामा १३१ वटा पहिरोको घटना भए।३४ वटा भारी वर्षाका घटनले ९ जिल्ला प्रभावित भएका थिए ।त्यसैगरी गत वर्ष चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्बन्धी क्रमशः ३४, १५५, ५ र २० वटा घटनामा रु ४,२२,३८,९०० बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ।२०७७ सालमा गण्डकी प्रदेशका बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्बन्धी घटनाहरु र क्षतिको विस्तृत विवरण अनुसूची खण्डमा छ ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ पुर्वाधार सख्या अद्यावधि गरिएको छ र विस्तृत विवरण अनुसूची खण्डमा छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु.४ करोड ३० लाख मौज्दात रहेको छ। यस वर्षको मनसुन आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन कोषहरुमा रु. ३,८७,२६,१६४ रकम मौज्दात छ।

तालिका १०: विपद व्यवस्थापन कोष (गण्डकी प्रदेश)

| क्र स | जिल्ला | जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम |
|---|---|---|
| १ | कास्की | १५,२०,२४९ |
| २ | गोरखा | ४४,७६,००० |
| ३ | तनहु | २६,४४,०९९ |
| ४ | नवलपरासी पूर्व | ४,०२,०१० |
| ५ | पर्बत | ११,७४,३०३ |
| ६ | बाग्लुङ | १२,४१,१३१ |
| ७ | मनाङ | १८,६३,१३० |
| ८ | मुस्ताङ | २६,२५,१५६ |
| ९ | म्याग्दी | २५,२२,६८५ |
| १० | लमजुङ | १,८२,३६,२२७ |
| ११ | स्याङ्जा | २०,२१,१७४ |
| जम्मा | | ३,८७,२६,१६४ |




*चित्र ३६: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम*

## लुम्बिनी प्रदेश


लुम्बिनी प्रदेशमा गत मनसुनमा १८ वटा बाढीका घटना भएको थियो ।यस प्रदेशमा बर्दिया,  दाङ, कपिलवस्तु, परासी, पाल्पा, प्युठान, रोल्पा र रुपन्देही सहित ८ जिल्लामा बाढीले धेरै प्रभाव पारेको थियो ।पहिरोको तथ्याङ्क हेर्दा अर्घाखाँची, दाङ, गुल्मी, कपिलवस्तु, परासी, पाल्पा, प्युठान, रोल्पा, पूर्वी रुकुम र रुपन्देही जिल्लामा ८६ वटा पहिरोको घटना भएको देखिन्छ।

गत वर्ष ८८ वटा भारि वर्षाका घटनले ११ वटा जिल्ला प्रभावित भएका। त्यसैगरी गत वर्षको  सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्वन्धी क्रमशः १७, ३९, ४०७, ११ र ४२ वटा घटनामा कुल रु ३२,५२,९३,२३६ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।२०७७ सालमा लुम्बिनी प्रदेशमा घटेका बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क  सम्वन्धी घटना र त्यसबाट पुगेको क्षतिको विस्तृत विवरण अनुसुची खण्डमा प्रस्तुत गरिएको छ। विपद् पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक जनशक्ति, स्वास्थ्य पुर्वाधार संख्या, अद्यावधि  गरिएको छ ।यसको विस्तृत विवरण अनुसूची खण्डमा छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु ७ करोड ३० लाख मौज्दात रहेको छ। यस वर्षको मनसुन आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन कोषहरुमा रु. ११,१०,६९,३४६ रकम मौज्दात छ ।

**तालिका ११: विपद व्यवस्थापन कोषमा रहेको मौज्दात रकम (लुम्बिनी प्रदेश)**

| क्र स | जिल्ला | जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम |
|---|---|---|
| १ | अर्घाखाँची | ३०,००,००० |
| २ | कपिलबस्तु | ३३,१४,६२३ |
| ३ | गुल्मी | ११,४६,००० |
| ४ | दाङ | २,६०,१०,५२१ |
| ५ | नवलपरासी पश्चिम | ४०,२५,०८० |
| ६ | पाल्पा | ७८,४५,१५२ |
| ७ | प्युठान | १३,८६,१९० |
| ८ | बर्दिया | ३,८५,०६,२९१ |
| ९ | बाँके | २,१७,८२,८२२ |
| १० | रुकुम पूर्व | १०,५४,३७० |
| ११ | रुपन्देही | २१,२४,९७६ |
| १२ | रोल्पा | ८,७३,३२३ |
| जम्मा | | ११,१०,६९,३४७ |




*चित्र ३७: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम*


## कर्णाली प्रदेश

यस प्रदेशमा जाजरकोट, कालिकोट, मुगु, पश्चिमी रुकुम, सल्यान र सुर्खेत जिल्ला ८ वटा बाढीका घटना भए। गत वर्षमात्र यस प्रदेशका ७ जिल्लामा ५६ वटा पहिरोको घटना भए। गत वर्ष ४३  वटा भारि वर्षाका घटनाले ९ जिल्ला प्रभावित भएका थिए ।त्यसैगरी गत वर्षको  सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क  सम्वन्धी क्रमशः २, २२, १२२, ३ र ४ वटा घटनामा कुल रु ६,३६,५८,९९० बराबरको क्षति भएको प्रारम्भिक छ ।कर्णाली प्रदेशमा २०७७ सालमा बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क  सम्वन्धी घटना र क्षतिको विस्तृत विवरण अनुसुची खण्डमा प्रस्तुत गरिएको छ ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ पुर्वाधार सख्या, अद्यावधि गरिएको छ ।यसको विस्तृत विवरण अनुसूची खण्डमा गरिएको छ।

हाल यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु ४ लाख मौज्दात रहेको छ भने ५ करोड अर्थमा माग गरिएको छ। यस वर्षको मनसुन आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्लाहरुका विपद् व्यवस्थापन कोषमा रु ३,०२,१५,३२३ रकम मौज्दात रहेको छ ।जिल्ला अनुसारको मौज्दात रकम तालिका १२ मा समावेश गरिएको छ।

तालिका १२: विपद् व्यवस्थापन कोष (कर्णाली प्रदेश)

| क्र स | जिल्ला | जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम |
|---|---|---|
| १ | कालिकोट | ९,०३,५६४ |
| २ | जाजरकोट | १३,१०,२५७ |
| ३ | जुम्ला | २,००,००० |
| ४ | डोल्पा | ८,६०,००० |
| ५ | दैलेख | ११,८१,६०० |
| ६ | मुगु | ७,५०,००० |
| ७ | रुकुम पश्चिम | १७,३९,५५२ |
| ८ | सल्यान | ३६,८५,८३३ |
| ९ | सुर्खेत | १,४९,५१,४८८ |
| १० | हुम्ला | ४६,३३,०२९ |
| जम्मा | | ३,०२,१५,३२३ |



चित्र ३८: जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम


## सुदूरपश्चिम प्रदेश

गत वर्ष अछाम,बझाङ, बाजुरा, दार्चुला, डोटी र कैलाली गरी यस प्रदेशमा जम्मा १६ वटा बाढीका घटना भएको थियो। त्यसैगरी पहिरोको तथ्याङ्कलाई हेर्दा बैतडी, बझाङ, बाजुरा, दार्चुला, डोटी र कंचनपुर जिल्लामा  घटना भएको देखिन्छ।गत वर्ष यस प्रदेशका ७ जिल्लामा ४५ वटा पहिरोको घटना भएको थियो।गत वर्ष १४ वटा भारी वर्षाका घटनले ६  जिल्ला प्रभावित  थिए।त्यसैगरी सर्पदंश, चट्याङ्ग, आगलागी, हावा हुरी र जनावर आतङ्क  सम्बन्धी क्रमशः ७, ३३, २०८, ३ र ३३  वटा घटनामा  रु १३,६२,०५,९५० बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।२०७७ सालमा  सुदुरपश्चिम प्रदेशमा  घटेका बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावाहुरी र जनावर आतङ्क सम्वन्धी घटना र क्षतिको विस्तृत विवरण अनुसूची खण्डमा  छ।विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ पुर्वाधार सख्या, अद्यावधि  गरिएको छ। यसको विस्तृत विवरण अनुसूची खण्डमा गरिएको छ।

यस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु१ करोड ५७ लाख मौज्दात रहेको छ।यस वर्षको मनसुन आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश भित्रका जिल्लाहरुको विपद् व्यवस्थापन कोषमा रु ६,३१,७४,०११ रकम मौज्दात रहेको छ।

तालिका १३: सुदुर पश्चिम प्रदेशमा जिल्ला आनुसारको विपद व्यवस्थापन कोषमा रहेको मौज्दात रकम

| क्र स | जिल्ला | जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम |
|---|---|---|
| १ | अछाम | ५०,९६,६७१ |
| २ | कञ्चनपुर | ५६,५७,२४५ |
| ३ | कैलाली | ४,५६,११,५८९ |
| ४ | डडेल्धुरा | १४,१५,१०९ |
| ५ | डोटी | १८,३९,०७१ |
| ६ | दार्चुला | १४,०८,४५४ |
| ७ | बझाङ | २,७९,५६६ |
| ८ | बाजुरा | ९,५४,७५४ |
| ९ | बैतडी | ९,११,५५३ |
| जम्मा | | ६,३१,७४,०१२ |



चित्र ३९: जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा रकम

## अनुसूचीहरु (विस्तृत कार्ययोजना)-खण्ड २

अनुसूचीहरु -विस्तृत कार्ययोजना खण्ड २ मा राखिएका छन्



# मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना २०७८


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. २१३२१३
फोन नम्बरः +९७७-१-४४९३८४७, +९७७-१-४४३९४८५
इमेलः info@bipad.gov.np
वेबसाइटः http://bipad.gov.np
विपद् डाटा पोर्टल: http://bipadportal.gov.np
www.facebook.com/NDRRMA
@NDRRMA_Nepal

**प्रवक्ता**

विश्वप्रकाश अर्याल
सहसचिव
सम्पर्क: 9841580953
ईमेल: bparyal2@gmail.com

**सह- प्रवक्ता**

वेद्निधि खनाल
उप सचिव
सम्पर्क: 9851073030
ईमेल:beda.khanal@nepal.gov.np

**सुचना अधिकारी**

मालती पन्त
सुचना अधिकारी
सम्पर्क: ९८५८७५०३५५
ईमेल: malatipant123@gmail.com


निर्णय मितिः २०७८।०३।०२